मजदुर विज्ञापन शाखा
नागांचा-१०, भक्तपुर, फोन नं. ९७४४४२४४६५

विज्ञापनको लागि सूचना

सम्पूर्ण ग्राहकवर्गले विज्ञापन दिने gmail id: majdurdaily@gmail.com उक्त gmail id change भई नयाँ gmail id र भाइबर नं. भएको जानकारी गराउँदै विभिन्न साइजको विज्ञापन दिनुपरेमा तलको उल्लेखित भाइबर नं.मा viber वा दिइएको gmail id मा मेल गरिदिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।

भाइबर नं. : ९७४४४२४४६५

Gmail : majdurdailybigyapan@gmail.com

मजदुर The Worker Daily दैनिक

भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६ भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर
The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com



विज्ञापनको निम्ति सम्पर्क
फोन नं ६६१९१०७
६६२०५५९

★ वर्ष : २८ ★ अङ्क : १३९ ★ ने. सं. ११४६ अनला गा, एकादशी ★ बिहीबार ★ २८ जेठ, २०८३ ★ June 11, 2026, Thursday ★ मूल्य रु. ५।– ★ पृष्ठ ८

## सीको प्रजग कोरिया भ्रमणपछि सम्बन्धको नयाँ खाका




सियोल, २७ जेठ (एएफपी) । चिनियाँ राष्ट्रपति सी चिनफिङको प्योङ्याङ भ्रमणपछि प्रजग कोरिया र चीनले द्विपक्षीय सम्बन्धलाई थप रणनीतिक र दीर्घकालीन स्तरमा लैजाने प्रतिबद्धता व्यक्त गरेका छन् । प्रजग कोरियाली सरकारी समाचार संस्था केसीएनएका अनुसार दुवै देशका नेताहरूले सम्बन्धको भविष्यका लागि 'दूरगामी खाका' तयार पार्दै परम्परागत मित्रतालाई अझ सुदृढ बनाउने सहमति जनाउनुभएको छ ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प, रुसी राष्ट्रपति भ्लादिमिर पुटिनलगायत विश्व नेताहरूसँग पेइचिङमा उच्चस्तरीय भेटवार्ता सम्पन्न गरेलगत्तै सीले सोमबार प्रजग कोरियाको दुर्लभ भ्रमण गर्नुभएको थियो । प्रजग कोरिया र रुसबिच पछिल्लो समय असाधारण रूपमा नजिकिएको सम्बन्धका बिच भएको यो भ्रमणलाई क्षेत्रीय शक्ति सन्तुलनसँग जोडेर हेरिएको छ ।

केसीएनएका अनुसार राष्ट्रपति सी चिनफिङ र किम जोङ उनले दुई देशबिचको सम्बन्धलाई नयाँ उचाइमा पुऱ्याउने विषयमा सन्तुष्टि व्यक्त गर्नुभएको छ । दुईदिने भ्रमणका क्रममा दुवै पक्षले क्रान्तिकारी मित्रता, राजनीतिक विश्वास र रणनीतिक सहकार्यलाई थप मजबुत बनाउने दृढता दोहोऱ्याएका छन् ।

भ्रमणको क्रममा सी र किमले कोरियाली मजदुर पार्टीको केन्द्रीय क्याडर प्रशिक्षण विद्यालयको संयुक्त अवलोकन गर्नुभएको थियो । त्यहाँ उहाँहरूले पार्टी नेतृत्व विकास र राजनीतिक प्रशिक्षणबारे छलफल गर्नुभएको केसीएनएले जनाएको छ । त्यसपछि दुवै नेताले कोरियाली युद्धमा ज्यान गुमाएका चिनियाँ सैनिकहरूको सम्मानमा निर्माण गरिएको मैत्री स्मारक परिसरमा वृक्षरोपण गर्नुभएको थियो ।

सीलाई प्योङयाङमा विशेष सम्मानसहित स्वागत गरिएको थियो । उहाँ आफ्नी पत्नी तथा वरिष्ठ सरकारी प्रतिनिधिमण्डलसहित प्रजग कोरिया पुग्नुभएको थियो । भ्रमण सम्पन्न भएपछि किमलाई पठाएको सन्देशमा सीले दुवै पक्षले साझा चासोका विषयमा गहन विचार आदानप्रदान गरी महत्त्वपूर्ण समझदारी हासिल गरेको उल्लेख गर्नुभएको छ ।

*बाँकी पृष्ठ ८ मा*

## जाँचबुझ आयोगमा सरोकारवालाहरूको बयानको सार सङ्क्षेप – २२

**प्रहरी वृत्त स्वयम्भूमा कार्यरत प्रहरी नायव निरीक्षक रोशन चन्द** :

अ.अ. शाखामा कार्यरत भएकोले २०८२ भदौ २३ गते म कार्यालयमा स्टेन्डबाई थिएँ। २०८२ भदौ २४ गते अन्दाजी ११:३० बजे यस कार्यालयको वडा क्षेत्रमा रहेका भीआईपीहरूको घरमा तोडफोड तथा आगजनी भएको सूचना आयो । त्यसपछि जु.प्र.अ. को कमान्डमा १० जनाको टोली सितापाइला चोकमा खटियो । अ.१२:१५ बजे सुरुमा केही मानिसको भिड आएर यस कार्यालयका प्रहरीमाथि ढुङ्गामुढा प्रहार गर्दै आक्रमण गरे । सो समयमा प्रहरी र केही स्थानीयले सम्झाइबुझाइ आक्रमण रोक्न लगाइएको थियो । बिस्तारै प्रदर्शनकारीहरूको समूह बढेपछि स्थिति झन् आक्रामक र भयावह बन्दै गयो । सोमध्ये केही व्यक्तिले रड, खुकुरी, लाठी, ढुङ्गामुढा, पेट्रोल भरेका बोतलसमेत बोकी हिँडेका देखिन्थे ।

अन्दाजि १४:३० बजे प्र.नि.ज्यूले "लाइभ राउन्ड हान्नु हुँदैन, मानिसको ज्यानभन्दा कार्यालय ठुलो होइन" भन्ने आदेश दिएपछि मानवीय क्षति नहोस् भन्ने उद्देश्यले कार्यालयमा रहेका हातहतियार र महत्त्वपूर्ण सामग्रीहरूसमेत लिई सुरक्षित स्थानतर्फ जाने सल्लाह गरेका हौं । प्रदर्शनकारीहरूले गरेको तोडफोड तथा आगजनीबाट यस कार्यालयको भवन, सवारी साधन, हातहतियार, मिसिललगायतका जिन्सी सामान र कर्मचारीका व्यक्तिगत लुगासमेत जली पूर्णरूपमा नष्ट भएको ठीक साँचो हो ।

**प्रहरी वृत्त मालिगाउँमा कार्यरत प्रहरी नायव निरीक्षक दिनेश राउत** :

अ.अ. शाखामा कार्यरत भएकोले २०८२ भदौ २३ गते कार्यालयमा स्टेन्डबाई थिएँ । २०८२ भदौ २४ गते अन्दाजी ११:३० बजे यस कार्यालयको वडा क्षेत्रमा रहेका प्रहरी बिट र भीआईपीहरूको घरमा तोडफोड तथा आगजनी भएको सूचना आयो । अ.०१:१५ बजे २/३ सय मानिसहरूको भिड बिस्तारै बढ्दै गएपछि स्थिति झन् आक्रामक र भयावह बन्दै गयो । सोमध्ये केही व्यक्तिले रड, खुकुरी, लाठी, ढुङ्गामुढा, पेट्रोल भरेका बोतलसमेतले प्रहरीमाथि ढुङ्गामुढा प्रहार गरी आक्रमण गर्न थाले । उक्त भिडलाई ३/४ पटकसम्म भगाउन सफल भएको कारण कार्यालयमा कुनै क्षति भएन । हाम्रो टोलीबाट कानुनबमोजिमको आदेशानुसार भिड नियन्त्रणमा प्रयोग हुने अश्रुग्यास सेल र सर्टगनको रबर कार्टिज, हवाईफायर गर्न लाइभ बुलेटमात्र प्रयोग भएको हो । सोबाट कुनै पनि प्रदर्शनकारी घाइते नभएको र मानवीय क्षतिसमेत नभएको ठीक साँचो हो ।

**प्रहरी वृत्त गौशालामा कार्यरत प्रहरी सहायक निरीक्षक राजन कार्की** :

म २०८२ भदौ २३ गते कार्यालयको नियमित ड्युटीमा थिएँ। भदौ २४ गते बिहानै आन्दोलनकारीहरू नारा-जुलुस र होहल्ला गरिरहेका थिए । त्यतिबेलासम्म हामीले शान्तिपूर्ण आन्दोलन हो भनी सम्झेका थियौं । यसकारण, प्रहरीको तर्फबाट आन्दोलनमा कुनै किसिमको बाधा पुऱ्याउने काम भएन । करिब ११:०० बजेदेखि ६/७ हजार आन्दोलनकारीहरूले हात-हातमा खुकुरी, फलामका रड, गुलेली, काठको चिरपट, बाँसका लट्ठी र पेट्रोल बमसमेतले प्रहरी कार्यालयलाई निशाना बनाई ढुङगामुढा गर्न थाले । आन्दोलकारीहरूबाट प्रहार गरिएको ढुङ्गामुढा, पेट्रोल बम छेक्दै प्रहरीले कार्यालयको सुरक्षा गरिरहेको थियो ।

प्रहरीको तर्फबाट आन्दोलनकारीहरूलाई पछि हट्न अश्रुग्यास प्रयोग गरेता पनि आन्दोलनकारीको ठुलो सङ्ख्याले प्रहरीमाथि ढुङगामुढा र अन्य हातहतियारले प्रहार गरीरहेको थियो । त्यसपछि जेनजी आन्दोलनकारीहरूले कार्यालय अगाडिको तारबार र मुख्य प्रवेशद्वारलगायत पछाडिको वालसमेत तोडेर कार्यालय परिसरभित्र प्रवेश गरी सवारी साधन तथा कार्यालय भवनमा आगजनी र तोडफोड गरे । साथै कार्यालयमा रहेका प्रहरीको १३ नाल हातहतियार तथा गोली गट्टाहरूसमेत लुटे । कार्यालयमा रहेका मिसिल, कागजपत्र, फाइलहरू र फर्निचरका सामान झ्यालढोकामा समेत तोडफोड तथा आगजनी गरे । मलगायत ड्युटीमा खटिएका प्रहरी कर्मचारीहरूले उक्त भिडलाई कन्ट्रोल गर्न सक्ने अवस्था नदेखिएपछि कार्यालयको पछाडिको वाल भत्काई पशुपति मन्दिरतर्फ लाग्यौं । उक्त स्थानमा समेत सुरक्षित महसुस नभएपश्चात् पुनः का.जि.सिनामङ्गलस्थित एयरपोर्टमा रहेको नेपाल आर्मीको सुरक्षा घेराभित्र प्रवेश गरेका थियौं ।

भदौ २४ गतेका दिन प्रहरीको तर्फबाट आन्दोलनकारीहरूलाई कुनै रोकछेक/बाधा नगर्दा पनि आन्दोलकारीहरूले निशाना बनाई प्रहरी कार्यालयमा आगजनी र ड्युटीमा खटिएका प्रहरीलाई ढुङ्गामुढा गरी घाइते बनाएको हुँदा आन्दोलनकारीहरूलाई कानुनबमोजिम हदैसम्मको कारबाही हुनुपर्छ ।

## अध्ययन र अनुभवबिनाका सरकारका पदाधिकारीहरूका हरेक काम दोषपूर्ण हुने

वर्तमान 'नयाँ पुस्ता' को सरकारको सबभन्दा विवादित र चर्चित विषय दुई दिन बिदा (शनिबार र आइतबार – हप्ताको दुई दिनको) हो । नेपालमा अनेक लामालामा धार्मिक बिदा, जातीय बिदा र स्थानीय बिदाले युवा र विद्यार्थीहरूको बिदाको सङ्ख्या तुलनात्मक रूपले धेरै हो । एक दिनको सरकारी बिदाले अर्बौं खर्च हुन्छ । यसबारे बुद्धिजीवीहरूसमेत बेखबर मात्रै होइनन् शनिबारको दिनमा समेत हाम्रा कति प्राध्यापक र शिक्षकहरू तास खेल्ने, चुरोट र रक्सी खानुलाई नै उपलब्धि मान्छन् । केही नभए पनि २०-३० जिल्लामा घुमेका प्राध्यापक र शिक्षकहरूको अनुभव यही हो ।

सबैले सोचेका होलान् – 'हरेक शनिबारको बिदाको दिन हाम्रा प्राध्यापक र शिक्षकहरू नयाँ-नयाँ पुस्तकहरू अध्ययन गर्दै हुनुहोला वा नयाँ-नयाँ लेखन कार्यमा लीन हुनुहोला ! तर, व्यवहारमा उल्टो देखेर सबै निराश हुन्थे ।'

२२ जेठ २०८३ को 'नागरिक' को समाचारको शीर्षक छ – 'त्रिवि अध्ययन बिदा दुरूपयोगको १० करोड ४६ लाख सरकारी ढुकुटीमा ।' विषय हो – 'अध्ययन बिदा लिएर सेवामा नफर्केका व्यक्तिहरूबाट सरकारले १० करोड ४६ लाख रुपैयाँ असुल गरेको छ ।'

यो एक सुखद खबर हो ! झूट बोलेर देश र जनताको करको दुरूपयोग गर्ने बुद्धिजीवीहरूको मनमा पनि प्रायश्चितको भावना जागे राम्रो !

देशमा 'फेरि क्यान्सर औषधि अभाव' (नागरिक- २२ जेठ २०८३) यस परिस्थिति केही दिनभित्र धेरै रोगीहरू मर्ने निश्चित छ ।

प्रधानमन्त्रीकै मातहतमा विदेशबाट औषधि खरिद गर्ने र सहयोगको सिफारिस गर्ने समिति छ । तर, हिजोका प्रधानमन्त्रीहरूले देशमा राम्रा राम्रा औषधि कम्पनीहरूको औषधी नकिनी धेरै 'कमिसन' 'घुस' दिने कम्पनीहरूको औषधि सरकारले किन्छ । त्यो 'घुस' रकम हरेक वर्ष अर्बौं रुपैयाँको हुन्छ । यसबारे पहिले पनि संसद्मा प्रम ओलीको पनि आलोचना भएको थियो ।

'राजधानी' दैनिकले 'फर्केर हेर्दा, गौरवपूर्ण २५ वर्ष' शीर्षकमा '३ जेठ २०२३' को समाचार शीर्षक यस्तो छ –

'काङ्ग्रेस सभापति कोइरालालगायत छतीस नेता तथा उच्च प्रशासक अख्तियारको घेरामा' 'सोमबारदेखि बयान लिइने, बहालवाला सचिव र पूर्वमुख्य सचिवलाई समेत पुर्जी ।'

समयमा मुद्दाको छिनोफानो भएमा 'नीतिगत भ्रष्टाचार' 'कर्मचारीहरूको अहङ्कार' माथि अङ्कुश लाग्थ्यो । तर, नेपालमा निश्चित जात-जाति र भाषाभाषीको सबै ठाउँ अर्थात् सेना, प्रहरी, गुप्तचर विभाग, प्रशासन र अदालत' मा हालीमुहाली र 'डाडु पन्यू' आफ्नो हात जगन्नाथ' को स्थिति हुँदा नेपालमा आवश्यक सुधार भएन भन्ने धेरैको मत छ ।

**विश्वासको सङ्कटमा सम्पत्ति छानबिन**

२२ जेठ २०८३ कै 'राजधानी दैनिक' ले लेख्यो – 'अनुसन्धानको दायरामा ५० हजार, तर विवरण भर्ने जम्मा ६ सय' ।

तर 'प्रधानमन्त्री र सङ्घीय मन्त्रीहरू, बहालवाला सांसद र पदाधिकारीहरूलाई 'छानबिनको दायरा' राख्दा स-साना माछामात्र समातिने छन् ।

*बाँकी पृष्ठ ८ मा*

## शिक्षकहरूसँग राय-सुझाव सङ्कलन

भक्तपुर, २७ जेठ । शिक्षा क्षेत्रको गुणस्तर अभिवृद्धि तथा विद्यालय शिक्षालाई अझ प्रभावकारी बनाउन भक्तपुर नगरपालिकाले बुधबार शिक्षक प्रतिनिधिहरूसँग राय-सुझाव सङ्कलन कार्यक्रम सम्पन्न गऱ्यो ।

कार्यक्रममा नगर प्रमुख प्रजापतिले शिक्षकहरूबाट प्राप्त अनुभव र सुझावले शिक्षा क्षेत्रको सुधार तथा विकासमा महत्त्वपूर्ण योगदान पुग्ने विश्वास व्यक्त गर्दै शिक्षाको समग्र विकासका लागि सबै पक्षको सहकार्य आवश्यक रहेको बताउनुभयो । शिक्षकहरूबाट प्राप्त सुझावले नगरपालिकाको शैक्षिक योजना निर्माणमा महत्त्वपूर्ण योगदान पुग्ने विश्वास उहाँले व्यक्त गर्नुभयो ।

भक्तपुर नगरपालिकाले विद्यालय शिक्षा, प्राविधिक शिक्षा तथा उच्च शिक्षाको विकासका लागि विभिन्न महत्त्वपूर्ण कार्यक्रम सञ्चालन गर्दै आएको उल्लेख गर्दै उहाँले अब भक्तपुरलाई ज्ञान-विज्ञानको केन्द्र नभई अनुसन्धानको केन्द्रका रूपमा पनि विकास गर्नुपर्छ भन्नुभयो ।

कार्यक्रममा सहभागी शिक्षकहरूले शिक्षा क्षेत्रको विकासका लागि नगरपालिकाले गरेका प्रयासको प्रशंसा गर्दै उहाँले विद्यालय र कलेजमा अनुसन्धानमूलक अध्ययन, प्रविधिमैत्री शिक्षण तथा शैक्षिक गुणस्तर अभिवृद्धिका कार्यक्रमलाई थप प्रभावकारी बनाउन सुझाव दिएका थिए ।

सहभागी शिक्षक प्रतिनिधिहरूले राय सुझाव प्रस्तुत गर्दै स्थानीय पाठ्यक्रमलाई प्रभावकारी बनाउन सांस्कृतिक केन्द्र निर्माण गर्नुपर्ने, सामाजिक विषयमा विद्यार्थीलाई बलियो

*बाँकी पृष्ठ ८ मा*

# गणेश माध्यमिक विद्यालयमा बस हस्तान्तरण तथा शुभारम्भ




भक्तपुर, २७ जेठ । छालिङस्थित गणेश मा.वि.मा नगरपालिका प्रमुख जीवन खत्रीको आतिथ्यमा विद्यार्थीहरूको सुरक्षित सहज तथा नियमित आवागमनमा प्रदान गर्ने उद्देश्यले सञ्चालनमा ल्याइएको विद्यालय बस हस्तान्तरण तथा शुभारम्भ कार्यक्रम बुधबार सम्पन्न भयो ।

नगरपालिकाको अनुदान सहयोग प्राप्त स्कूल बसको साँचो विद्यालय व्यवस्थापन समितिका अध्यक्ष न्हुछेभक्त फोजुलाई हस्तान्तरण गरिएको थियो ।

कार्यक्रममा नगर प्रमुख जीवन खत्रीले गुणस्तरीय शिक्षा र पूर्वाधार विकासमा नगरपालिका सदैव प्रतिबद्ध रहेको उल्लेख गर्दै विद्यालय बस सेवाले विद्यार्थीको नियमित उपस्थितिमा वृद्धि र समय पालनामा बढोत्तरी भई शैक्षिक कार्यक्रम थप प्रभावकारी हुने विश्वास व्यक्त गर्नुभयो । नगर कार्यपालिका सदस्य जीवन नेपाली र वडा नम्बर ५ का वडा सदस्य प्रभुराम थापाले शुभकामना मन्तव्य व्यक्त गर्दै विद्यालयको समग्र विकासको लागि सर्वपक्षीय सहकार्य आवश्यक रहेको बताउनुभयो ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष न्हुछेभक्त फोजुले बस खरिद व्यवस्थापनका लागि सहयोग गर्ने सम्पूर्ण व्यक्तित्व, समुदाय र बजेट विनियोजन गर्न सहयोग गर्ने चाँगुनारायण नगरपालिकालाई धन्यवाद ज्ञापन गर्नुभयो । योग्य, असल र इमानदार दक्ष जनशक्ति तयार गर्ने विद्यालयको लक्ष्य पूरा गर्न सम्बद्ध सम्पूर्ण पक्षको साथ र समर्थन आवश्यक रहेको उहाँले बताउनुभयो ।

उहाँले विद्यालयमा तहगत र विषयगत दरबन्दी नरहेको र भौतिक सुधारअन्तर्गत खेलमैदान, चमेनागृह निर्माण गर्ने प्राथमिक योजना रहेकोले कार्यपालिकाले थप सहयोग गर्ने अपेक्षा गर्नुभयो ।

विद्यालयका इन्द्रबहादुर फोजुले स्वागत मन्तव्यसहित धन्यवाद ज्ञापन गर्दै विद्यालय सञ्चालन नीति बनाएर बस अनुशासन कायम राख्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

शिक्षक लक्ष्मीनारायण लिगलले कार्यक्रमको औचित्यबारे प्रकाश पार्नुभयो ।

# भनपाद्वारा शिक्षा, स्वास्थ्य र रोजगारीमा जोड

भक्तपुर, २७ जेठ । ग:पली टोल सुधार समितिको आयोजनामा भक्तपुर नगरपालिका वडा नं ४ को लागि आर्थिक वर्ष २०८३/०८४ को लागि योजना छनौट तथा बजेट तर्जुमा कार्यक्रम वडाध्यक्ष उपेन्द्र सुवालको प्रमुख आतिथ्यमा ग:पली साइनिङ स्टुडेन्ट एकेडेमीमा मङ्गलबार सम्पन्न भयो ।

कार्यक्रममा वडाध्यक्ष सुवालले भक्तपुर नगरपालिकाले शिक्षा, स्वास्थ्य र रोजगारीतर्फ तालिममा जोड दिइरहेको उल्लेख गर्दै विकास निर्माणमा जनताको सहभागिता भएकोमा वडावासीहरूलाई धन्यवाद दिनुभयो ।

उहाँले ग:पली क्षेत्रमा अव्यवस्थित पार्किङ र फुटपाथ पसलले गर्दा सवारी जामको समस्या देखिएकोले सो समस्या समाधान गर्नुपर्नेमा जोड दिनुभयो । उहाँले प्रजग कोरियाली (उत्तर कोरिया) जनता एकजुट भएकै कारण गरिब भनिएको देशले अभतपूर्व विकास गर्दै आणविक हतियारसमेत उत्पादन गरी विश्वमा साम्राज्य फैलाइरहेका अमेरिकालाई समेत हाँक दिन सक्ने गरी आफ्नै खुट्टामा उभिन सफल भएको बताउनुभयो ।

ग:पली टोल सुधार समितिका अध्यक्ष रामकृष्ण प्रजापतिले वडा नं ४ को योजना छनौट तर्जुमा नगरस्तरीय योजनामा सूर्यविनायक चोकदेखि रामदेवी कम्पलेक्सबाट बाराही पुलसम्मको बाटोमा रहेको बिजुलीको नाङ्गो तार हटाई बाटोको बिचबिचमा परेको बिजुलीका खम्बाहरू हटाउनुपर्ने बताउनुभयो । उहाँले सूर्यविनायक चोकदेखि डोकाफल्चासम्मको राजमार्गको उत्तरतर्फको सबट्रायक् खोली सो बाटो पिच गर्न सडक विभागलाई ताकेता गर्नुपर्ने, सूर्यविनायक चोकदेखि राममन्दिर पुलसम्मको पिच बाटो खाल्डाखुल्डी भएको गर्नुपर्ने, राममन्दिर र बाराहीमा वर्षामा बर्सेनि बाढीले डुवान हुने भएकोले खोला सुधार कार्यक्रम ल्याई नापीनक्साअनुसार खोला सुधार गरी खोलाको दुईतिर हरियाली व्यवस्थापन र करिडोर निर्माण गर्नुपर्ने, सूर्यविनायक चोकदेखि राममन्दिर पुलसम्मको पिच बाटो, सूर्यविनायक चोकदेखि रामदेवी कम्पलेक्सबाट बाराही पुलसम्मको बाटो र गपली गणेश मन्दिरदेखि डोकाफल्चासम्मको बाटोमा सडकबत्तीको व्यवस्थापन र सीसी क्यामेराको व्यवस्था गर्नुपर्ने बताउनुभयो ।

कार्यक्रममा रविन छुस्याकी, रवीन्द्र श्रेष्ठ र पूर्वजिल्ला शिक्षा अधिकारी ध्रुवनारायण जोन्छेले पनि टोल विकासमा नगरपालिका र वडाको योगदान भावी योजना र विकास निर्माणबारे बोल्नुभयो ।

कार्यक्रममा दिनेशबहादुर धौबञ्जार, अष्टलक्ष्मी श्रेष्ठ, तुल्सीमाया नागा, संगिता शुद्धकार, रमेश मानन्धर, सुमन मानन्धर र सरोज शाहीले पनि बोल्नुभएको थियो ।

# बर्डफ्लुका कारण साढे पाँच लाख कुखुरा नष्ट

कीर्तिपुर, २७ जेठ । पछिल्ला केही हप्तायतादेखि बर्डफ्लु सङ्क्रमणका कारण कुखुरा र अण्डा नष्ट गर्ने क्रम बढेको छ । हालसम्म पाँच लाख ५३ हजार ७५० कुखुरा नष्ट गरिएका छन् । यस क्रममा पीडित किसानलाई राहत रकम उपलब्ध गराउने निर्णय गरिएको छ ।

रोग नियन्त्रणमा खटिएको पशुसेवा विभागको टोलीले दिएको जानकारीअनुसार प्रभावित १० जिल्लामा ७२ फार्मका लेयर्स कुखुरा र स्थानीय जातका कुखुरा नष्ट गरिएका छन् । सरकारको निर्देशनअनुसार खटिएको 'द्रुत कार्य टोली'ले कुखुरासँगै १० लाख ९०० अण्डा र दुई लाख पाँच हजार किलो कुखुराको दाना पनि नष्ट गरेको पशुसेवा विभागका वरिष्ठ पशुचिकित्सक डा. नवराज श्रेष्ठले जानकारी दिनुभयो ।

**पीडित किसानलाई ४२ करोड राहत**

सरकारले बर्डफ्लुका कारण कुखुरा तथा अन्य उत्पादन गुमाउन बाध्य किसानलाई करिब रु. ४२ करोड राहत दिने भएको छ । वरिष्ठ पशुचिकित्सक डा. श्रेष्ठका अनुसार रोग पुष्टि भई कुखुरा, अन्डा तथा दाना नष्ट गर्न बाध्य भएकाले ती किसानलाई उक्त राहत दिन लागिएको हो ।

बर्डफ्लु नियन्त्रण नियमावली २०७८ अनुसार यसरी पक्षीजन्य उत्पादन नष्ट गरिएका किसानलाई लागत मूल्यको ७५ प्रतिशत राहत दिने व्यवस्था गरिएको छ । यसबाहेक प्रभावित क्षेत्रको सम्पूर्ण पक्षीजन्य उत्पादन नष्ट भएको करिब दुई महिनापछि मात्रै व्यवसाय पुन:सुरू गर्न पाउने व्यवस्थाले किसानले थप क्षति व्यहोर्नुपर्ने हुन्छ । पशुसेवा विभागका महानिर्देशक डा. उमेश दाहालका अनुसार द्रुत कार्य टोलीले तोकिएको ढाँचामा सङ्कलन गरेको क्षति विवरणका आधारमा किसानलाई दिनुपर्ने रकम निर्धारण गरिन्छ । विवरणमा टोली र किसानको हस्ताक्षर हुन्छ । लागत मूल्य जिल्लाअनुसार फरक पर्नसक्ने भएकाले सम्बन्धित प्रमुख जिल्ला अधिकारीलगायत उच्च पदाधिकारीको बैठकले निर्णय गर्ने गरिएको जानकारी महानिर्देशक डा. दाहालले बताउनुभयो ।

केही महिनायता काठमाडौँ उपत्यकासहित १० जिल्ला बर्डफ्लुबाट प्रभावित छन् । महानिर्देशक डा. दाहालका अनुसार केही साताअघि झापा, मोरङ र सुनसरी जिल्लामा देखिएको बर्डफ्लु पछि महोत्तरी, बारा, चितवन हुँदै पछि पछिल्लो समय काठमाडौँ उपत्यकामा देखिएको हो ।

# चेक अनादर मुद्दामा फरार रहेका नेपाल पक्राउ

काठमाडौँ, २६ वैशाख । चेक अनादर मुद्दामा दुई वर्ष कैद सजाय भई फरार रहेका एक जनालाई बूढानीलकण्ठबाट पक्राउ गरी प्रहरीले बुधबार सार्वजनिक गरेको छ ।

पक्राउ पर्नेमा काठमाडौँ बूढानीलकण्ठ नगरपालिका-१० का ६७ वर्षीय फणिन्द्र नेपाल रहेका काठमाडौँ उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रवक्ता एवं प्रहरी उपरीक्षक रामेश्वर कार्कीले जानकारी दिनुभयो ।

वादी युवराज खत्री र प्रतिवादी निज फणिन्द्र नेपाल भएको चेक अनादर मुद्दा (०७७-सी४-१६१५) मा काठमाडौँ जिल्ला अदालतको फैसलाले बिगोबापत दुई वर्ष कैद सजाय ठहर भई फरार रहेका निजलाई बूढानीलकण्ठ-१० कटारी बस्तीबाट पक्राउ गरिएको उहाँले बताउनुभयो ।

पक्राउ परेका नेपाललाई आज फैसला कार्यान्वयनका लागि काठमाडौँ जिल्ला अदालत बबरमहल पठाइएको प्रवक्ता कार्कीले बताउनुभयो ।

**राजस्व दाखिला**

ट्राफिक प्रहरीले पछिल्लो २४ घण्टामा दुई हजार ३३७ सवारीचालकलाई सवारी नियम उल्लङ्घनमा कारबाही गरेको छ । यसबाट राज्यकोषमा रु. २१ लाख १८ हजार ५०३ राजस्व दाखिला भएको काठमाडौँ उपत्यका ट्राफिक प्रहरी कार्यालयले जनाएको छ ।

जसअनुसार मादकपदार्थ सेवन गरेका ७५, नियमविपरीत 'राइड सेयरिङ' गरेका एक सय २७, सङ्केत बत्ती उल्लङ्घनकर्ता एक सय ३८ र तीव्रगतिमा सवारीसाधन हुइँक्याएका एक सय ४८ जनालाई कारबाही गरिएको ट्राफिक प्रहरी प्रवक्ता एवं प्रहरी उपरीक्षक नरेशराज सुवेदीले जानकारी दिनुभयो ।

उहाँका अनुसार 'लेन' अनुशासन पालना नगर्ने ७०, निषेधित क्षेत्रमा हर्न बजाउने दुई सय ५०, सडकपेटीमा सवारीसाधन पार्किङ गर्ने एक सय ३८, एकतर्फी सडकमा सवारी चलाउने एक सय ४० र अन्य सवारी नियम पालना नगरेका एक हजार २५१ जनालाई कारबाही गरिएको हो । ***रासस***

# 'भान्छा घर नै औषधालय' विषयक प्रशिक्षण

भक्तपुर, २७ जेठ । श्वेत भैरव बचत तथा ऋण सहकारी संस्था लि. को स्वास्थ्य उपसमितिको आयोजनामा वाग्मती प्रदेश स्वास्थ्य मन्त्रालय जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र कमलविनायकको सहयोगमा 'भान्छा घर नै औषधालय' विषयक प्रशिक्षण कार्यक्रम संस्थाकै कार्यालय भवनमा बुधबार सम्पन्न भयो ।

सो कार्यक्रममा संस्थाका अध्यक्ष जितेन्द्र खायमलीले सहकारी संस्थाहरू बचत तथा ऋणमा मात्र सीमित नभई विभिन्न किसिमका सामाजिक कार्य पनि गरिरहनुपर्ने र सामाजिक, सांस्कृतिक रूपमा मानिसको जीवनस्तर उकास्नुपर्ने बताउनुभयो ।

प्रशिक्षक डा. नदन कँडेलले भान्छालाई नै औषधालयमा परिणत गरे अस्पताल नै जानु नपर्ने तथा ऋतुअनुसारको खाना खाएमा धेरै रोगबाट बच्न सकिने बताउनुभयो । उहाँले नराम्रो कुरा नसोच्ने, शारीरिक व्यायाम गर्नुपर्ने, ध्यान गर्नुपर्ने, रातिको खानामा माछा मासु नखाने, असार १५ गते अगाडि आँप नखाने, बेमौसमी तरकारीहरू नखाने तथा आफ्नो शरिर सफा राख्नुपर्नेलगायतका कुरा बताउनुभयो ।

कार्यक्रमका सभापति तथा स्वास्थ्य उपसमितिका संयोजक रीता लाखेमरुले संस्थाको स्वास्थ्य उपसमितिले जानकारीमूलक कार्यक्रम समय समयमा गर्दै आइरहेको बताउनुभयो ।

कार्यक्रममा अनुपमा कुँवरले पनि स्वस्थ खाद्यबारे बताउनुभयो । संस्थाका प्रबन्धक कृष्णसुन्दर खायमलीले कार्यक्रमबारे जानकारी दिनुभएको थियो ।

# अनियमिततासम्बन्धी व्यहोरा आधारहीन

भक्तपुर, २७ जेठ । जेठ २१ गते अनलाइन च्यानल Bhaktapurians लगायतमा प्रकाशित Ajinee Sumen लगायतका ID बाट गरिएको पोस्ट सम्बन्धमा पद्म माध्यमिक विद्यालयको गम्भीर ध्यानाकर्षण भएको छ ।

उक्त पोस्टमा उल्लेख भएबमोजिम विद्यालय खाजा तथा स्वच्छ खानेपानीको उपलब्धतालगायतमा अनियमितता सम्बन्धी व्यहोरा पूर्णरूपमा आधारहीन, झूटो तथा कपोकल्पित भएको हुँदा विद्यालय परिवार उक्त पोस्टको घोर भर्त्सना गर्दछौँ । दिवा खाजाको सम्बन्धमा साप्ताहिक तालिका बनाई सोहीअनुसार पौष्टिक तथा स्वस्थकर खाजा खुवाउने गरिएको, पानीको सन्दर्भमा स्मार्ट पानी र नबिल बैङ्कको सहयोगमा स्टेसनमार्फत फिल्टरयुक्त स्वच्छ पानी उपलब्ध भइरहेको, शौचालयको हकमा विद्यालय परिसरमा छात्र छात्राको छुट्टाछुट्टै व्यवस्था भएको र दुर्गन्ध हटाउन सरसफाइ कर्मचारीको व्यवस्था भइरहेको छ ।

प्राविधिकहरूको सुझावअनुसार समय समयमा मर्मतसम्भार भइरहेको र थप शौचालय निर्माणको प्रक्रिया अगाडि बढेको, कक्षा कोठाहरू नियमित रूपमा सरसफाइ तथा व्यवस्थापन गर्दै लगिएको तथा प्रशासनिक कार्यहरू अभिभावक तथा विद्यार्थीमैत्री बनाउन प्रयत्न गरिएको छ । यी विषयहरू विद्यालय समयमा जुनसुकै दिन आएर अवलोकन तथा अनुभूति गर्न सकिने भएकोले पोस्टमा उल्लिखित तर्कको विद्यालय खण्डन गर्दछ ।

# नगदेशमा अनिवार्य तथा नि:शुल्क शिक्षा वडा घोषणा

भक्तपुर, २७ जेठ । मध्यपुर थिमि न.पा. वडा नं ७ स्थित प्राचीन ऐतिहासिक-सांस्कृतिक नगरी नगदेशमा अनिवार्य तथा नि:शुल्क शिक्षा वडा घोषणा कार्यक्रम सम्पन्न भयो ।

भक्तपुर जिल्ला समन्वय समितिका सुजाता बाडे र म.थि.न.पा.का प्रशासकीय अधिकृत भोजराज घिमिरेको आतिथ्यमा भएको कार्यक्रममा आदर्श माविका प्राचार्य बुद्धिकुमार घो, गणेश मावि नगदेशका प्राचार्य केशव श्रेष्ठ र शिक्षाविद् रामकृष्ण दुवालले शुभकामना मन्तव्य राख्नुभएको थियो ।

प्रशासकीय घिमिरेले सबै वडा घोषणा कार्यक्रम सम्पन्न भएपछि नगरस्तरीय घोषणा गर्ने जानकारी दिनुभयो ।

कार्यक्रममा वडा नं ७ का वडा अध्यक्ष कृष्णकुमार प्रजापतिले पनि बोल्नुभएको थियो ।

# वैदेशिक रोजगारीमा ठगी, चार जना पक्राउ

काठमाडौँ, २७ जेठ । वैदेशिक रोजगारीमा आकर्षक तलबको प्रलोभनमा पारी सर्वसाधारणसँग रु. ३० लाखभन्दा बढी ठगी गरेको अभियोगमा चार जना पक्राउ परेका छन् ।

काठमाडौँ उपत्यका अपराध अनुसन्धान कार्यालयको प्रहरी टोलीले सिन्धुपाल्चोकका २९ वर्षीय सुमन शाही, रामेछापका ४७ वर्षीय वेदबहादुर सुनुवार, झापाका ४५ वर्षीय अनिल अग्रवाल र तनहुँका ३७ वर्षीय विवेक अधिकारीलाई विभिन्न स्थानबाट पक्राउ गरेको हो ।

उनीहरूले क्रोएसिया, स्वीटजरल्यान्ड, अस्ट्रिया र फ्रान्स पठाइदिने भन्दै सर्वसाधारणसँग ठुलो रकम असुल गरेको अनुसन्धानबाट खुलेको छ । उनीहरूलाई आवश्यक अनुसन्धान तथा कारबाहीका लागि वैदेशिक रोजगार विभाग ताहाचल पठाइएको केन्द्रीय प्रहरी समाचार कक्षले जनाएको छ ।

## सङ्क्षिप्त समाचार

### भन्सार छलेका रु. ४१ लाख बढीका सामान बरामद

लुम्बिनी, २७ जेठ । रूपन्देही प्रहरीले जिल्लाको भैरहवामा एक व्यापारीको गोदामबाट मङ्गलबार खानतलासी गर्दा भन्सार छलेका विभिन्न सामान बरामद गरेको छ । सामानहरू लुकाइछिपाई राखिएको सूचनाका आधारमा छापा मार्दा प्रहरीले भन्सार छलेका सामान बरामद गरेको हो ।

सिद्धार्थनगर नगरपालिका-१ बेलहियास्थित कोठहीमाई पथमा रहेको एक व्यापारीको गोदाममा खानतलासी गर्दा भन्सार छलेका रु. ४१ लाख ३२ हजार २२४ मूल्यबराबरका विभिन्न सामान बरामद गरेको जिल्ला प्रहरी कार्यालय रूपन्देहीका प्रहरी नायब उपरीक्षक कृष्णकुमार चन्दले जानकारी दिनुभयो ।

खानतलासी गर्दा रु. २३ लाख ३२ हजारबराबरको ५३ बोरा खरबुजाको बीउ, रु. पाँच लाख ७० हजार २४० मूल्यबराबरको ४४ कार्टुन कोलगेट, रु. ११ लाख ३५ हजार मूल्यबराबरको २२७ बोरा ओखर, रु. ९५ हजार मूल्यबराबरको ३८ बोरा मकै बरामद गरिएको हो ।

प्रहरीले बरामद गरेका सामान आवश्यक कारबाहीका लागि भैरहवा भन्सार कार्यालय पठाइएको छ । ***रासस***

### चितवनका किसानले पाएनन् चैते धानको न्यूनतम समर्थन मूल्य

चितवन, २७ जेठ । यहाँका किसानले राज्यले तोकेका चैते धानको समर्थन मूल्य पाउन सकेका छैनन् ।

साना किसान कृषि सहकारी संस्था लिका अध्यक्ष रामशरण पाठकले एक हजार हेक्टर क्षेत्रफलमा लगाइएको धानले समर्थन मूल्य पाउन नसकेको बताउनुभयो ।

पूर्वी चितवनको खैरहनी नगरपालिकामा रहेको साना किसान कृषि सहकारी संस्था लिका अधिकांश किसानले समर्थन मूल्य नपाएका हुन् । समर्थन मूल्यसमेत नपाएपछि भने किसान दुःखी भएका छन् । भरतपुर महानगरपालिका-२८, राप्ती कृषि तथा पशुपालन समूहका सचिव रञ्जीत पौडेलले किसानले समर्थन मूल्य नपाउँदा किसान निरास भएको बताउनुहुन्छ ।

जिल्लामा चैते ५, हर्दिनाथ १, पिआर, टाइचिन जातका चैते धानखेती गरिएको थियो ।

भरतपुर महानगरपालिका वडा नं २८ मा रहेको राप्ती कृषि तथा पशुपालन समूहका सचिव रञ्जीत पौडेल समर्थन मूल्य नपाउँदा किसानलाई मर्का परेको बताउनुहुन्छ ।

कृषि विकास कार्यालय चितवनका प्रमुख झलकनाथ कँडेलले चैते धानको समर्थन मूल्य तोक्न सरकारले ढिलाइ गरेको बताउनुहुन्छ । यस वर्ष चितवनमा नौ हजार हेक्टर क्षेत्रफलमा चैते धान लगाइएको छ । ***रासस***

### सूचीकरण प्रणालीमा २५ लाख किसान आबद्ध

काठमाडौँ, २७ जेठ । कृषि, वन तथा पर्यावरण मन्त्रालयको किसान सूचीकरण प्रणालीमा देशभरका करिब २५ लाख किसान आबद्ध भएका छन् ।

किसानलाई जमिनको विवरण र खेती उत्पादनका आधारमा सूचीकरण गरिएको हो । उत्पादन वृद्धि गर्न आवश्यक सहुलियत तथा सुविधा दिने उद्देश्यले किसानलाई विद्युतीय प्रणालीमार्फत सूचीकृत गरिएको कृषि सूचना केन्द्रका अधिकृत सञ्जीव पण्डितले जानकारी दिनुभयो ।

कृषि जनगणना, २०७८ अनुसार ४१ लाख ३० हजारको सङ्ख्या रहेकाले बाँकी १६ लाखभन्दा बढी किसानलाई पनि सूचीकृत गर्ने कार्य भइरहेको उहाँले बताउनुभयो ।

उहाँले भन्नुभयो, “सबै किसानलाई सूचीबद्ध गरेपछि निर्वाहमुखी किसान, साना किसान, मझौला किसान र ठुला किसान गरी चार प्रकारमा मन्त्रालयले वर्गीकरण गर्ने योजना बनाएको छ । वर्गीकरणपश्चात परिचयपत्र वितरण, विद्युतीय सूचना प्रणालीमा जोड्नेलगायत कार्यक्रम गरिनेछ । परिचयपत्रका आधारमा सरकारले अनुदानसहित रासायनिक मल, बीउ, अनुदान, सेवा व्यवस्थापनलगायत सुविधासहित उपलब्ध गराउन सहज हुनेछ ।”

देशभर स्थानीय तहसँग समन्वय गरी किसानका सूचना तथा तथ्याङ्क सङ्कलन गरिएको हो । केन्द्रले यस कार्यक्रममा आफ्नो नाम दर्ता गराउन किसानलाई आह्वानसमेत गरेको छ । ***रासस***

### चौरीको पुच्छरसहित ट्याक्टर प्रहरी नियन्त्रणमा

किमाथाङ्का (सङ्खुवासभा), २७ जेठ । मकालु गाउँपालिका-३ हेदाङ्नामा भन्सार छली ल्याएको रु. पाँच लाख ५० हजार मूल्य बराबरको ३६८ वटा चौँरीको पुच्छरसहित एक ट्याक्टर प्रहरीले नियन्त्रणमा लिएको छ ।

जिल्ला प्रहरी कार्यायल सङ्खुवासभाका प्रहरी निरीक्षक धनबहादुर राजवंशीले उत्तरी क्षेत्रको किमाथाङ्का नाकाबाट अवैध रूपमा भन्सार छलेर ल्याइएका चौँरीको पुच्छरसहित ट्याक्टर नियन्त्रणमा लिएको जानकारी दिनुभयो ।

इलाका प्रहरी कार्यालय हेदाङ्नागढीले कोसी राजमार्गअन्तर्गत खाँदबारी-किमाथाङ्का सडकखण्डको हेदाङ्ना चेकपोस्टमा भोटखोला गाउँपालिकाको हुङ्गुङबाट खाँदबारीतर्फ आउँदै गरेको १-०२-००३ त १२१७ नम्बर ट्याक्टर जाँच गर्ने क्रममा अवैध चौँरीको पुच्छर फेला परेको हो ।

घटनामा संलग्न रहेको आरोपमा ट्याक्टर चालक चिचिला गाउँपालिका-१ निवासी २० वर्षीय दिनेश राईलाई प्रहरीले नियन्त्रणमा लिएको छ । भन्सार छली ल्याइएको चौँरीको पुच्छर कसको हो, भन्ने अहिलेसम्म खुल्न सकेको छैन । नियन्त्रणमा लिएको अवैध चौँरीको पुच्छर किमाथाङ्का भन्सार कार्यालय खाँदबारीमा बुझाइएको प्रहरीले जनाएको छ ।

इलाका प्रहरी कार्यालय हेदाङ्नाको गस्ती टोलीले चौँरीको पुच्छर र ट्याक्टर नियन्त्रणमा लिएर थप अनुसन्धान तथा आवश्यक कानुनी प्रक्रिया अघि बढाएको छ । ***रासस***



**टिपिएको गोलभैँडा बजार लाने क्रममा**

दाङको घोराही उपमहानगरपालिका-१६ तेरौटेस्थित मसिनामा रहेको किसान महेश पौडेलको नवीनतम कृषि फर्ममा टिपिएको गोलभेडा बजार लानेक्रममा । हाल घोराहीमा गोलभेडा प्रतिकिलो ४० रुपैयाँ थोक मूल्यमा बिक्री भइरहेको छ । *तस्बिरः कुलदीप न्यौपाने/रासस*

# सम्पत्ति विवरण बुझाउने म्याद असार मसान्तसम्म थप

काठमाडौँ, २७ जेठ । सम्पत्ति छानबिन आयोगले सम्पत्ति विवरण बुझाउने म्याद असार मसान्तसम्म थप गरेको छ ।

सम्पत्ति विवरण बुझाउने दायराभित्र परेका पदाधिकारीले आफूहरूले सम्पत्तिसम्बन्धी विवरण सङ्कलनका क्रममा रहेको र समय अपुग भएको जनाएपछि अन्तिम पटकका लागि विवरण बुझाउने गरी एक महिना म्याद थप गरिएको आयोगका अध्यक्ष राजेन्द्रकुमार भण्डारीले जानकारी दिनुभयो ।

“स्वदेश तथा विदेशमा रहेका व्यक्तिले आफूहरू विवरण सङ्कलकका चरणमा रहेकाले समय अपुग भएको हुँदा म्याद थप गरिदिन बारम्बार आग्रह गरेपछि मागअनुसार विवरण बुझाउने म्याद थप गरिएको हो,” उहाँले भन्नुभयो ।

जेनजी आन्दोलनका क्रममा कतिपय कार्यालय आगजनीमा परेर विवरण सङ्कलनमा कठिनाइ भएको हुनसक्ने अनुमान गरिएको छ । अध्यक्ष भण्डारीले भन्नुभयो, “यो अन्तिम पटकका लागि हो, अब म्याद थप हुँदैन, थपिएको म्यादभित्र सम्बन्धितले अनिवार्य रूपमा सम्पत्ति विवरण दाखिल गर्नुपर्छ । आयोगमा हालसम्म तीन हजार पाँच सय बढीले सम्पत्ति विवरण प्राप्त भइसकेका छन् ।”

सम्पत्ति सम्बन्धमा ६० भन्दा बढी उजुरी प्राप्त भएको आयोगका अध्यक्ष भण्डारीले जानकारी दिनुभयो । निर्धक्क र निष्फिक्री भएर सम्पत्तिसम्बन्धी प्रमाण राखेर आफ्नो विवरण पेस गर्न आयोगले आग्रह गरेको छ । प्राप्त विवरण दर्ता गरेर छानबिनको प्रक्रियाअघि बढाउने आयोगको तयारी छ ।

यसअघि आयोगले यही जेठ मसान्तभित्र आआफ्नो सम्पत्तिको विवरण बुझाउन अनुरोध गरेको थियो । सार्वजनिक पदमा रहेका, पदबाट सेवा निवृत्त भएका वा हटिसकेका व्यक्तिले आफैँ वा आफ्नो प्रतिनिधि वा हुलाक वा आयोगको इमेलमार्फत विवरण तथा उजुरी बुझाउन सक्ने व्यवस्था गरिएको छ ।

आयोगले २०४८ देखि २०८३ सालसम्मको कुनै समयावधिमा सार्वजनिक पदधारण गरेका व्यक्तिले पदीय दुरूपयोग गरी अस्वाभाविक कमाइ गरेको देखिए उजुरी गरी छानबिन प्रक्रियामा सहयोग गर्न सम्बद्ध सबैसँग अनुरोध गरेको छ । आयोगले मुलुकमा प्रजातन्त्र पुनःस्थापना भएको करिब ३५ वर्षको अवधिलाई २०६२/६३ देखि २०८२/८३ र २०४८/४९ देखि २०६२/६३ सालसम्म दुई चरणमा विभाजन गरी फाइल तथा उजुरी छानबिन गर्ने स्पष्ट गरेको छ ।

वर्तमान सरकारले २०४८ सालपछि सार्वजनिक पदमा रहेका, पदबाट सेवा निवृत्त भएका वा हटिसकेका व्यक्तिको सम्पत्तिको छानबिन गरी प्रतिबेदन बुझाउने कार्यादेशसहित गठन गरेको पाँच सदस्यीय आयोग हाल सम्पत्ति विवरण र उजुरी सङ्कलनमा व्यस्त छ । पछिल्ला दिनमा कार्यालय खुलेलगत्तै आयोग परिसरमा सम्पत्ति विवरण बुझाउने पूर्वकर्मचारीको घुइँचो लाग्ने गरेको छ ।

आयोग परिसरमा भेटिएका केही पूर्वकर्मचारीले सम्पत्ति विवरण बुझाउन अत्यन्त सहज भएको प्रतिक्रिया दिनुभयो । विवरण बुझाउनका लागि मन्त्रालयगत ‘डेस्क’ खडा गरिएकाले सहज भएको धेरैको प्रतिक्रिया छ ।

आयोगका अध्यक्ष भण्डारीले सम्पत्ति विवरण बुझाउने र उजुरी दिनेको सङ्ख्या क्रमशः वृद्धि भइरहेको बताउँदै ४० देखि ५० हजार व्यक्तिको सम्पत्तिको विवरण प्राप्त हुने अपेक्षा गर्नुभयो । पछिल्ला ३५ वर्षको अवधिमा सार्वजनिक पदधारण गरेका राजपत्राङ्कित विशिष्ट एवं प्रथम श्रेणीका बहालवाला र पूर्वकर्मचारीसहित सो सरहको सेवासुविधा लिएका सार्वजनिक निकायका सबैले विवरण बुझाउनुपर्ने उहाँले जानकारी दिनुभयो ।

आयोगका अनुसार बहालवाला तथा पूर्वप्रधानमन्त्री, मन्त्री, राज्यमन्त्री र सहायकमन्त्री, उहाँहरूले नियुक्त गरेका सल्लाहकार, स्वकीय सचिवहरूले सम्पत्ति विवरण बुझाउनुपर्ने व्यवस्था छ । यसैगरी, संवैधानिक र न्याय सेवा परिषद्बाट नियुक्त विशिष्ठ पदाधिकारीहरूले विशिष्ट श्रेणी तथा सोभन्दा माथिको सेवा सुविधा पाउने गरी नियुक्त भएका विभिन्न संस्थान, समिति, निगम, प्राधिकरण, केन्द्रलगायत सार्वजनिक निकायका वर्तमान तथा पूर्वप्रमुख तथा सञ्चालक सदस्यहरूले पनि सम्पत्ति विवरण बुझाउनुपर्ने छ ।

विश्वविद्यालयसहितका शैक्षिक प्रतिष्ठान र कूटनीतिक नियोगका प्रथम श्रेणीमाथि कार्यरत तथा पूर्वअधिकारीहरू, जनसम्पर्क बढी हुने कार्यालयका हकमा राजपत्राङ्कित द्वितीय श्रेणीका बहालवाला तथा सेवानिवृत्त कर्मचारीले पनि सम्पत्ति विवरण बुझाउनुपर्ने छ । यसैगरी, पालिकाका पूर्व तथा वर्तमान प्रमुख तथा उपप्रमुखसहित सोभन्दा माथिका पदहरूमा निर्वाचित जनप्रतिनिधिहरूले समेत सम्पत्ति विवरण बुझाउनुपर्ने व्यवस्था छ ।

सार्वजनिक पद धारण गरेका र तोकिएको समयमा बहाल रही हाल जुनसुकै किसिमले सेवाबाट अवकाश भइसकेका राजनीतिक पदाधिकारी, कर्मचारी तथा निजहरूका परिवारसमेतको नाममा स्वदेश तथा विदेशमा रहेको सम्पत्ति विवरण सङ्कलन तथा छानबिन गरी प्रतिवेदन बुझाउने आयोगको कार्यादेश रहेको छ ।

अध्यक्ष भण्डारीको नेतृत्वमा छानबिन आयोगमा चण्डीराज ढकाल, पुरुषोत्तम पराजुली, गणेश केसी (प्रवक्ता) र प्रकाश लम्साल सदस्य हुनुहुन्छ ।

***रासस***

# बाढीले क्षति पुगेको रसुवागढी जलविद्युत् आयोजनाको पुनर्निर्माण तीव्र

रसुवा, २७ जेठ । गत वर्ष असार २४ मा ल्हेन्दे खोलामा आएको बाढीले क्षति पुऱ्याएको एक सय ११ मेगावाट क्षमताको रसुवागढी जलविद्युत् आयोजनाको पुनर्निर्माण तथा मर्मत तीव्रगतिमा अगाडि बढाइएको छ ।

बाढीका कारण भोटेकोशी खोलास्थित बाँध संरचनामा क्षति पुगेपछि आयोजनाको उत्पादन प्रभावित भएको थियो । हाल बाँधस्थलमा थुप्रिएको अवरोध हटाउने कार्य द्रुत रूपमा अघि बढिरहेको आयोजनाले जनाएको छ । आयोजनाका कार्यकारी प्रमुख सत्यराम ज्याख्वका अनुसार बालुवा थिग्रयाउने पोखरी ( डिसिल्टिङ बेसिन) मा जम्मा भएका अवरोध हटाइसकिएको छ भने ‘हेडरेस’ सुरुङ तथा विद्युत् उत्पादनसँग सम्बन्धित उपकरणको सफाइसमेत सम्पन्न गरिएको छ ।

बाढीले कटान गरेको बाह्य संरचनाअन्तर्गत ड्याम तथा विद्युत्गृह जाने पहुँचमार्गमा रहेको पक्की पुलको संरक्षणका लागि दायाँ-बायाँ पर्खाल निर्माणकार्य जारी छ ।

आयोजनाले २०८१ पुस १६ गतेदेखि व्यावसायिक रूपले उत्पादन सुरु गरेको थियो । तर, २०८२ असार २४ गतेको बाढीले बाहिरी सतहको ड्याम संरचनामा क्षति पुऱ्याएपछि आयोजना पूर्ण रूपमा बन्द हुन पुगेको बताइएको छ । त्यसपछि सुरुङ तथा उपकरणहरूको सफाइ गरी मङ्सिर २० गतेदेखि पुनः विद्युत् उत्पादन सुरु गरिएको थियो ।

करिब रु. २३ अर्ब ७३ करोड लागतमा आयोजना निर्माण भएको थियो । आयोजनामा चार दशमलव आठ किलोमिटर लामो हेडरेस सुरुङमार्फत प्रतिसेकेन्ड ८० घनमिटर पानी विद्युत्गृहमा पुऱ्याइन्छ । त्यहाँ जडान गरिएका तीनवटा फ्रान्सिस टर्बाइनबाट अधिकतम एक सय ११ मेगावाट विद्युत् उत्पादन गर्ने क्षमता रहेको आयोजनाका केन्द्र प्रमुख सन्तोष अधिकारीले बताउनुभयो । ***रासस***

**। सम्पादकीय ।**

# के नेपाल एक प्रजातान्त्रिक देश हो ?

संसद् सरकारकै कारण केही दिन अवरुद्ध छ । त्यस्तोबेला परराष्ट्रमन्त्री भारत भ्रमणमा गएर 'नेपाल-भारत परराष्ट्रमन्त्रीस्तरीय बैठकमा तीन सहमति' (कान्तिपुर, २४ जेठ २०८३) भएको खबर छाप्यो ।

संसद् चलिरहँदा परराष्ट्रमन्त्री विदेश गएर के विषयमा 'सन्धि-सम्झौता' वा 'सहमति' गर्ने हो बताउनु आवश्यक छ । देशमा संसद्को बैठक भइरहदो प्रधानमन्त्री र परराष्ट्रमन्त्री वा अरु कुनै पनि मन्त्रीले सन्धि-सम्झौता वा 'सहमति' बारे जानकारी दिनैपर्छ । त्यसो नगर्दा हरेक पटक नेपालको हात पर्दै आएको छ र त्यस गलत परम्परा उपनिवेशवादी र सामन्तवादी संस्कारबाट पैँचो लिइएको 'परम्परा' हो ।

यस्तो कार्य हुने सम्भावना २३-२४ भदौको अघोषित नेपालमाथिको आक्रमण र त्यसको लगत्तै गरिएको महानिर्वाचन पनि आक्रामक विदेशी शक्तिहरूको योजनामा आधारित थियो । भेनेजुयलाको मादुरो सरकार निर्वाचनबाटै निर्वाचित थिए तर त्यहाँको सेना, प्रहरी, गुप्तचर विभाग र प्रशासन एवं अदालतसमेत चोखो नभई अमेरिकी साम्राज्यवादी आक्रमणको अगाडि घुँडा टेकेका थिए ।

गएको निर्वाचन पनि स्वतन्त्र, निष्पक्ष र धाँधलीरहित थिएन । वर्तमान सरकारका प्रधानमन्त्री र परराष्ट्रमन्त्री पनि भारतीय विस्तारवाद र अमेरिकी साम्राज्यवादकै पिछलग्गू हुन् ।

जुन सरकार र मन्त्रीहरू संसद्प्रति उत्तरदायी हुँदैनन् ती सरकारहरू प्रजातान्त्रिक हुँदैनन् । के परराष्ट्रमन्त्री खनालले आफ्नो घरको कामबारे भारतीय परराष्ट्रमन्त्री जयशङ्करसँग छलफल गरेका हुन् ? उनले भने - "हामीसँग कुनै पुरानो बोझ छैन ।" यसको अर्थ हो - 'सबै 'सहमति' नयाँ हुन्, जो हिजो नेपालले स्वीकार गरेको थिएन' । त्यसको प्रस्ट अर्थ हो - 'यो सरकार प्रतिक्रान्तिबाट आएको सरकार हो ।'

नेपाल-भारत र बुद्धिजीवी समुदायमा वर्तमान सरकार दक्षिणपन्थी सरकार हो भन्नेबारे प्रस्ट हुने भए !

नेपाली काङ्ग्रेस, एमालेको 'भ्रष्ट' सरकारको विध्वंशबाटै सत्ताच्युत गरेको १० महिना भयो । त्यसबेलादेखिकै कार्की सरकार पनि 'नयाँ पुस्ता' को सरकार भनी जनताले बुझ्दै आएका हुन् ।

निर्वाचनमा झन्डै दुईतिहाइ संसद्मा मत पाउँदा त नयाँ सरकारको खुट्टा भुइँमा छैन । तर हेरौँ - सरकारले पुराना बन्दोबस्तलाई बिदा दिएर नयाँ व्यवस्थित बन्दोबस्त मिलाउन सक्यो ?

एकै दिनको समाचार शीर्षकहरूले बताउँछन् -

१) 'जोखिम मोलेर इटालीमा शरण खोज्दै नेपाली' (कान्तिपुर, २४ जेठ २०८३ )

२) बैतडीको समाचार छ - 'गाउँमा लाइन पुगेको छैन, दुई वर्षदेखि बिजुलीको बिल तिर्छन् दोरावासी' (कान्तिपुर, २२ जेठ २०८३)

त्यसोभए जनतासँग सेवा नलिए पनि रकम असुल गर्ने को को हुन् ? के नयाँ सरकारले छानबिन गरेर सजाय दिनुपर्दैन ? जनताको आवाज यही हो ।

३) 'भारतीय चिया बोर्डले गोदाममै नमुना परीक्षण थालेपछि चिया निर्यातमा पुनः अवरोध' । 'चिया किन्न हच्किन थाले भारतीय आयातकर्ता, नेपाली चिया भारतीय व्यापारीले नकिनुन् भन्ने बोर्डको नियत देखिएको व्यवसायीको दाबी' (ऐ-ऐ-) ।

४) 'आर्थिक वर्ष सकिन डेढ महिना बाँकी छँदा दर्जन मन्त्रालयको पुँजीगत खर्च ३० प्रतिशत कटेन' (ऐ-ऐ-) ।

नयाँ सरकारको ध्यान कता छ ? के मन्त्रालयहरूमा मानिस बस्छन् वा कठपुतली ? जनताको प्रश्न यस्तै छन् ।

५) 'सरकारी विद्यालयमा किन घट्दै छन् विद्यार्थी' ? 'आधा दशकमा सरकारीमा ८ लाख विद्यार्थी घटेका छन् भने निजीमा ४ लाख बढेका छन्' (नागरिक दैनिक, २२ जेठ २०८३) ।

'विश्व बैङ्क' का प्रतिनिधिहरूले नेपाली सम्बन्धित प्रतिनिधिहरूलाई प्रस्ट भाषामा भनेका थिए- उच्च शिक्षा सक्नेलाई दिने हो, सबै नेपाली विद्यार्थीलाई उच्च शिक्षा दिने होइन, भारी बोक्ने र खेती गर्ने व्यक्ति चाहिन्छ । प्रस्ट भन्थे - उच्च शिक्षा धनीमानी परिवारले मात्र पढ्ने हो, अरूलाई ज्यामी बनाउने,

के यो वर्तमान सरकार बहुमत जनतालाई उच्च शिक्षाबाट वञ्चित गर्ने उद्देश्य राख्छ ?

# "दण्डहीनताले अपराधीहरूको मनोबल बढ्छ र समाजमा अराजकता बढ्छ"

*फौजदारी न्याय प्रशासन भन्नासाथ प्रहरी, सरकारी वकिल, जेल प्रशासन र अदालतलाई सम्झने गरिन्छ । कानुनमा पीडितको पक्षमा जस्तोसुकै राम्रो कानुनी व्यवस्था गरिए पनि पीडितले न्याय पाएको अनुभव गर्न पाएन भने त्यो न्याय गरेको ठहर्दैन । न्याय प्रशासनका अङ्गहरूले राम्रो काम गरेनन् भने पीडितले न्याय पाउन सक्दैन ।*

*XXXX*

*अहिले गणतान्त्रिक राज्य व्यवस्था छ । नयाँ संविधान छ । संविधानले फौजदारी न्यायसम्बन्धी हक प्रदान गरेको छ । तर, अहिले पनि सरकारको विपक्षमा रहेकाहरूलाई कारबाही गरिन्छ भने त्यही काम सरकारमा बसेकाहरूले गरेको खण्डमा छुट दिने गरिन्छ । कानुन कार्यान्वयनको सिलसिलामा यस्तो भेदभाव हुनु हुँदैन । कुनै पनि व्यक्तिलाई राज्यले नियोजित रूपमा फसाउन मिल्दैन । कानुनमात्र भएर पुग्दैन, कानुन कार्यान्वयन गर्ने पदाधिकारीहरू निष्पक्ष नभएसम्म जनताले न्याय पाउन सक्दैनन् ।*



**सुनिल प्रजापति, प्रमुख, भक्तपुर नगरपालिका**

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप कलेज अफ लको आयोजना र विश्वविद्यालय अनुदान आयोगको सहयोगमा 'फौजदारी कानुन र न्याय' विषयक दोस्रो राष्ट्रिय सम्मेलन शनिबार सुरु भइसकेको छ । भक्तपुर नगरपालिकाले ख्वप कलेज अफ लसहित उच्च शिक्षा प्रदान गर्ने सात वटा शैक्षिक संस्थाहरू सञ्चालन गर्दै आएको छ । कम शुल्कमा गुणस्तरीय शिक्षा प्रदान गर्ने उद्देश्यले स्थापित यी शैक्षिक संस्थाहरूमा अहिले देशभरबाट सात हजार पाँच सय विद्यार्थीहरू अध्ययनरत छन् । हरेक शैक्षिक संस्थाहरूमा अध्ययन र अनुसन्धानलाई हामीले जोड दिइरहेका छौँ । हाम्रो शैक्षिक संस्थाहरूमा अध्ययनरत हरेक विद्यार्थीलाई योग्य र सक्षम बनाउन हामीले आफ्नो तर्फबाट आवश्यक सहयोग गरिरहनेछौँ ।

नगरपालिकाद्वारा सञ्चालित कलेजहरूमा यस्ता राष्ट्रिय सम्मेलनहरू नियमित रूपमा भइरहेका छन् । ख्वप इन्जिनियरिङ कलेज र ख्वप कलेज अफ इन्जिनियरिङको संयुक्त आयोजनामा अन्तर्राष्ट्रिय सम्मेलनहरू पनि नियमित रूपमा भइरहेका छन् । फौजदारी न्याय र कानुन विषयक यो दोस्रो सम्मेलन पनि त्यसैको सिलसिला हो । यो कानुनका विद्यार्थीहरूका लागि मात्र होइन सबैका लागि अत्यन्त महत्त्वपूर्ण विषय हो ।

फौजदारी न्याय प्रशासन भन्नासाथ प्रहरी, सरकारी वकिल, जेल प्रशासन र अदालतलाई सम्झने गरिन्छ । कानुनमा पीडितको पक्षमा जस्तोसुकै राम्रो कानुनी व्यवस्था गरिए पनि पीडितले न्याय पाएको अनुभव गर्न पाएन भने त्यो न्याय गरेको ठहर्दैन । न्याय प्रशासनका अङ्गहरूले राम्रो काम गरेनन् भने पीडितले न्याय पाउन सक्दैन ।

न्याय पाउने प्रत्येक नागरिकको अधिकार हो । पीडितले कानुनबमोजिम न्याय पाउने अपेक्षा गरेको हुन्छ । त्यसैले, न्यायपालिका र न्यायाधीशहरूलाई जनताको आस्थाको केन्द्रको रूपमा हेर्ने गरिन्छ । तर, प्रहरी प्रशासन, सरकारी वकिल र अदालतले गम्भीर प्रकृतिका मुद्दाहरूमा गहिराइमा गएर अनुसन्धान गरेर मात्र निर्णय गर्नुपर्दछ । पूर्वाग्रही र पक्षपातपूर्ण ढङ्गले कसैलाई फसाउने नियतले अनुसन्धानको नाउँमा सतही छानबिन गरेर निर्णय गरे भने पीडितले न्यायको अनुभूति गर्ने छैन ।

संविधानमा जस्तोसुकै व्यवस्था गरिए पनि प्रहरी प्रशासन कस्तो हुन्छ, हामी आफैँ त्यसको साक्षी छौँ । 'भक्तपुर काण्ड' को नाउँले कुख्यात २०४५ सालको घटनालाई एक उदाहरणको रूपमा लिन सकिन्छ । त्यतिबेला पञ्चायती व्यवस्था थियो । संविधानमा हिरासतमा रहेका व्यक्तिलाई शारीरिक र मानसिक यातना दिने छैन, पक्राउ परेको २४ घण्टाभित्र मुद्दा हेर्ने अधिकारी समक्ष उपस्थित गराउनुपर्ने, हिरासतमा रहँदा आफूले रोजेको कानुन व्यवसायीसँग कानुनी सल्लाह लिन पाउनेजस्ता व्यवस्थाहरू थिए । पञ्चहरूले त्यस घटनामा संलग्नहरूलाई कारबाही गर्नुभन्दा सरकारका विपक्षीहरूलाई दबाउने काम गरे । नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) देखि नेमकिपाका नेता कार्यकर्ताहरूलाई नियोजित रूपमा फसाउने षड्यन्त्र पञ्चहरूले गरे । स्वेच्छाको बयान दिनुको कुनै अर्थ थिएन । मानसिक र शारीरिक यातनाको बयान गरी साध्य थिएन । पक्राउ परेका जति अधिकांशलाई निर्मम यातना दिइन्थ्यो, उनीहरूले तयार गरेको कागज वा तयारी बयानमा सही नगरुञ्जेल यातना दिइन्थ्यो । अभियुक्तविरुद्ध प्रहरीले नक्कली प्रमाण जुटाउँथ्यो । कुनै अनुसन्धानबिना सरकारका विरोधीहरूलाई षड्यन्त्रमा फसाइन्थ्यो; त्यो गलत थियो । त्यसैले, पञ्चायती व्यवस्थाविरुद्ध जनता उठे र त्यसको अन्त्य गरियो ।

अहिले गणतान्त्रिक राज्य व्यवस्था छ । नयाँ संविधान छ । संविधानले फौजदारी न्यायसम्बन्धी हक प्रदान गरेको छ । तर, अहिले पनि सरकारको विपक्षमा रहेकाहरूलाई कारबाही गरिन्छ भने त्यही काम सरकारमा बसेकाहरूले गरेको खण्डमा छुट दिने गरिन्छ । कानुन कार्यान्वयनको सिलसिलामा यस्तो भेदभाव हुनु हुँदैन । कुनै पनि व्यक्तिलाई राज्यले नियोजित रूपमा फसाउन मिल्दैन । कानुनमात्र भएर पुग्दैन, कानुन कार्यान्वयन गर्ने पदाधिकारीहरू निष्पक्ष नभएसम्म जनताले न्याय पाउन सक्दैनन् ।

भदौ २३ र २४ गते घटनाबाट देशमा नयाँ परिस्थिति सिर्जना भयो । त्यस घटनाबारेमा दुई वटा आयोगहरू गौरीबहादुर कार्कीको नेतृत्वमा बनेको छानबिन आयोग र राष्ट्रिय मानव अधिकार आयोगबाट अलग-अलग प्रतिवेदनहरू सार्वजनिक भए । कार्की आयोगले २३ गतेको घटनालाई मात्र अपराध देख्यो र त्यसमा संलग्नहरूलाई कारबाही गर्न सिफारिस गर्‍यो । त्यसले भदौ २४ गतेको घटनामा संलग्नहरूलाई बचाउने प्रयास गर्‍यो । त्यसैले, कार्की आयोग निष्पक्ष भएन, एकतर्फी भयो भनेर त्यसको आलोचना पनि भयो । राष्ट्रिय मानव अधिकार आयोगले २३ र २४ गते दुवै दिनको घटनामा संलग्नलाई कारबाहीको सिफारिस गरेको छ । त्यसमा आजका धेरै सांसदहरू पनि परेको देखिन्छ ।

नेपालका धरोहरहरू सिंहदरबार, राष्ट्रपति भवन, संसद् भवन, सर्वोच्च अदालतलगायत खरानी बनाउनेहरू कारबाहीको भागी बन्नुपर्छ कि पर्दैन ? यो प्रश्न आज नेपाली जनताले उठाउँदै छन् । हिजो कार्की आयोगको प्रतिवेदन सार्वजनिक हुनेबित्तिकै केही नेताहरूलाई रातारात पक्राउ गर्ने मन्त्रीहरू आज मानव अधिकार आयोगको प्रतिवेदन सार्वजनिक भएपछि मौन छन् । तिनीहरू आयोगको प्रतिवेदन कार्यान्वयन गर्न खुट्टा कमाइरहेका छन् । के सिंहदरबारको आगजनी ठीक थियो ? के न्यायको मन्दिर मानिने सर्वोच्च अदालत खरानी बनाउनु अपराध थिएन ? के नेपाली सेनाका परमाधिपति राष्ट्रपति कार्यालय, संसद् भवन र अन्य सरकारी कार्यालयहरूमा आगो लगाउनेलाई कारबाही गर्नुपर्ने होइन ? यदि यस्ता घटनालाई छुट दिँदै जाने हो भने देशमा अराजकता फैलिन्छ, देशमा कहिल्यै शान्ति हुँदैन ।

पञ्चायतकालमा पञ्चहरूले जस्तोसुकै अपराध गरे पनि माफी पाउँथे । बहुदलवादीहरू दबाउन प्रहरी प्रशासन र न्यायालयको प्रयोग गरिन्थ्यो । बहुदलपछि पनि झन्डै त्यस्तै भयो । गुण्डा नाइकेहरू मारिँदा शासक दलहरूले आफ्नो कार्यकर्ता मारिएको भनी संसद् बन्द गरेका दृश्यहरू पनि नेपाली जनताले देखेकै हुन् ।

अपराधीहरूलाई कानुनबमोजिम कारबाही गर्नुको सट्टा शासक दलहरूले तिनीहरूलाई संरक्षण दिए । राजनीतिलाई अपराधीकरण र अपराधलाई राजनीतीकरण गर्दा समस्या भएको हो । अपराध गरेका मानिसहरू जेलमा बस्नुपर्नेमा खुलेआम समाजमा हिँडिरहेका छन् । पीडितहरू मुख लुकाएर हिँड्नुपर्ने अवस्था छ । यसले जनतामा न्यायालय, प्रहरी प्रशासन र दलहरूप्रति विश्वास घट्न गएको हो ।

अझ बलात्कारजस्ता जघन्य अपराध गरेका अपराधीहरू जेलमा हुनुपर्नेमा समाजमा खुला हिँडिरहँदा बलात्कृत चेलीहरू लज्जित हुनुपर्ने अवस्था छ । अपराधमा संलग्नहरूलाई कडा कारबाही गरेको भए सम्भवतः आजको जस्तो न्यायपालिकाप्रति विश्वास घट्ने थिएन ।


समाजमा अपराध नहुने भए प्रहरी प्रशासन, कानुन, अदालत र जेल प्रशासनको आवश्यकता नै पर्दैनथ्यो । समाजमा अपराध हुन्छ, त्यसलाई नियन्त्रण गर्न ती अङ्गहरू राज्यले स्थापना गरिएका हुन्छन् । कानुन, अदालत, न्यायालय सरकारका विपक्षी दबाउने हतियार हुनु हुँदैन । प्रजातन्त्रमा सबैलाई कानुनबमोजिम जिउने हक हुन्छ । एउटै कानुन कसैको लागि बरदान र कसैको लागि अभिशाप हुनुहुँदैन ।

स्वेच्छाचारी शासन गर्नेहरू टिक्न सक्दैनन् । ढिलो या चाँडो फोहर फाल्ने नालीमा फालिनेछन् । जनविरोधी काम गर्ने शासकहरूलाई नङ्ग्याउन पनि कानुन व्यवसायीहरू सधैँ तयार हुनुपर्छ । कानुन पीडितको पक्षमा बनाउने मात्र होइन, लागू गर्न पनि हरदम प्रयास गर्नुपर्छ ।

समाजमा अपराध हुन्छ । शान्ति सुरक्षा कायम राख्न अपराधीहरूलाई दण्ड सजाय गर्नुपर्दछ । दण्डहीनताले अपराधीहरूको मनोबल बढ्छ । त्यसले समाजमा अराजकता ल्याउँछ र समाज अशान्ति हुन्छ । त्यस्तो समाज अगाडि बढ्न सक्दैन । निर्दोषले सजाय पाउनु हुन्न । अपराधी छुट्नु पनि हुन्न । कानुन बनाउँदैमा आफै कार्यान्वयनमा आउने होइन । त्यसको लागि कार्यान्वयन गर्ने ठाउँमा बस्नेहरू सक्रिय हुनु आवश्यक छ । आजको यो राष्ट्रिय सम्मेलनले सबैलाई आ-आफ्नो जिम्मेवारीबोध गराउने अपेक्षा गरिएको छ । राष्ट्रिय कानुन निर्माणमा महत्त्वपूर्ण योगदान गर्ने अपेक्षा छ ।

न्याय गरेको जस्तो होइन, न्याय परेको पनि हुनुपर्छ भन्ने मान्यता स्थापित गर्दै जानुपर्ने आवश्यकता छ ।

*(ख्वप कलेज अफ लको आयोजनामा जेठ २३ गते 'फौजदारी कानुन र न्याय' विषयक दोस्रो राष्ट्रिय सम्मेलनमा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले व्यक्त गर्नुभएको मन्तव्यको सार सङ्क्षेप)*



# नेपालको जलसम्पदा भारतको पोल्टामा - २



✍ रतन भण्डारी, जलस्रोत अध्येता

### भारतको चाहना बिजुली नभई पानी

भारतलाई बिजुली बेचेर धनी हुने सपना पञ्चायतकालीन हो। तर, भारतको चाहना भने सधैँ नेपालको बिजुलीभन्दा पानीमा केन्द्रित छ। माथि नै उल्लेख भइसक्यो कि ब्रिटिशहरूले नेपालको पानी उपयोगको खाका कोरेका थिए, विद्युत्‌भन्दा सिँचाइका लागि पानी उनीहरूले उत्तरी भारतका लागि आवश्यक देखेका थिए। पछिल्लोपटक भारतले महत्त्वाकाङ्क्षी नदी जोड योजना अघि सारेको छ। यद्यपि, नदी जोड योजना पनि ब्रिटिश इन्डियाकालीन नै हो। पछि प्रधानमन्त्री इन्दिरा गान्धीका पालामा भारतीय जलसंशाधन मन्त्री केएल रावले उक्त योजनाको विस्तृत अध्ययन गराएका थिए। पछिल्लोपटक प्रधानमन्त्री अटल विहारी बाजपेयी सरकारले सुरेश प्रभुको संयोजकत्वमा कार्यदल गठन गरी भारतभित्र र बाहिर (नेपाल) का नदीनाला समेटेर नदी योजना अघि सारेको थियो। हिमालयन नदी क्षेत्रमा १४ वटा र प्राय:द्वीपीय नदी क्षेत्रमा १६ वटा गरी जम्मा ३० वटा ठुलठुला सम्पर्क बनाउने योजना भारतको छ। जसअन्तर्गत नेपालका कोसीलाई मेचीमा जोडेर बङ्गालमा लैजाने, कोसीलाई घाघरा (कर्णाली) मा मिसाउने, गण्डक-घाघरा (कर्णाली) मा मिसाउने, घाघरा (कर्णाली)-यमुनामा मिसाउने, शारदा ( महाकाली) लाई यमुनामा मिसाउने र शारदा ( महाकाली) लाई यमुना हुँदै राजस्थानको सावरमती नदीमा पुऱ्याइने भनिएको छ। नदी जोड योजनाको उद्देश्य भारतमा बढ्दो जनसङ्ख्याका लागि आवश्यक खाद्यान्न वृद्धिमा सिँचाइ सुविधा पुऱ्याउनु र बढ्दो जनसङ्ख्याका लागि आवश्यक खानेपानीको आपूर्ति गर्नु रहेको छ। हुन पनि भारतका तत्कालीन केन्द्रीय जलसंशाधनमन्त्री सैफउद्दिन सोजले २०६५ भदौ २७ गतेको बीबीसी नेपाली सेवासँगको कुराकानीमा नेपालको जलस्रोतमाथि भारतीय चासो के हो भन्ने प्रश्नको जवाफमा भनेका थिए- "नेपालको जलस्रोतमा भारतीय चासो पहिलो बाढी नियन्त्रण, दोस्रो सिँचाइ र तेस्रो बिजुली हो।" तर, हाम्रा नीतिनिर्माताहरू भने भारतलाई बिजुली बेच्ने चिन्तनबाट ग्रस्त छन्। भोलिका दिनमा नेपालका उर्वर नदी उपत्यका डुबाएर, त्यहाँका बासिन्दालाई उठिबास लगाएर बनाइने आयोजनाबाट उत्पादन हुने अतिरिक्त पानी (जुन पानी नेपालले खपत गर्ने अवस्था नभएकोले भारतले प्रयोग गर्नेछ) र ती आयोजनाहरूले तल्लो तटीय क्षेत्र भारतमा पुग्ने बाढी नियन्त्रणको लाभको मूल्य कायम गर्ने सोच हाम्रा योजनाकार र नीतिनिर्मातामा छैन। भारत बाढी नियन्त्रण र अतिरिक्त पानी चाहन्छ, नेपाली योजनाकार भने भारतलाई बिजुली बेच्न चाहन्छन्। भारत बिजुली नभएर पनि बाँच्न सक्छ, किनकि अहिले पनि बहुसङ्ख्यक भारतीय जनता विद्युत् सेवाबाट बञ्चित छन् तर खाद्यान्न र पानीबिना त्यहाँको जनसङ्ख्या बाँच्नसक्ने कुरा कल्पना पनि गर्न सकिन्न। अर्कोतिर बिजुलीका थुप्रै विकल्प छन् तर पानीको कुनै विकल्प छैन। त्यसैले भारतले निर्विकल्प रूपमा रहेको नेपालको पानीको दीर्घकालीन महत्त्व राम्ररी बुझेको छ। अध्ययन गरेको छ; सोही कारण भारत नेपालको अमूल्य जलसम्पदा हत्याउन चाहन्छ। त्यसका लागि भारत विभिन्न परियोजनाहरूमा निजी तथा सरकारी कम्पनीहरूमार्फत आफ्नो उपस्थितिसहित आधिपत्य कायम गराउन सफल भएको छ। हाम्रा लम्पसारवादी राजनीतिक दल, सत्तासीन पार्टी र कर्मचारीतन्त्रले भने भारतकै योजनाअनुसार भारतलाई सबै जिम्मा लगाउँदै आएका छन्। जलसम्पदा मुलुक र भावी पुस्ताका लागि जलसम्पदा जोगाइराख्ने सोच उनीहरूमा छैन।

### पावर ट्रेड एग्रीमेन्ट

भारतलाई बिजुली बेच्ने सम्झौता (पावर ट्रेड एग्रीमन्ट-पीटीए) महाकाली सन्धिसँगै भएको थियो। प्रधानमन्त्रीस्तरमा महाकाली सन्धिमा प्रधानमन्त्री शेरबहादुर देउवा र भारतीय प्रधानमन्त्री पीभी नरसिंह रावले दिल्लीमा हस्ताक्षर गरेका थिए। त्यसपछि प्रधानमन्त्री देउवाको भ्रमण टोली दिल्लीबाट बम्बई पुगेको थियो। बम्बईमा नेपाल भारतबिच पावर ट्रेड एग्रीमेन्ट-पीटीएमा हस्ताक्षर भएको थियो। महाकाली सन्धिझैँ विवादास्पद र नेपालको अहितको उक्त पीटीएमा नेपालका तर्फबाट जलस्रोत सचिव डाक्टर द्वारिकानाथ ढुङ्गेल र भारतका तर्फबाट ऊर्जा सचिव पी. अब्राहमले हस्ताक्षर गरेका थिए। तर, उक्त सम्झौता कार्यान्वयनमा आएन।



पछिल्लोपटक सन् २०१४ मा नेपाल भारतबिच अर्को पीटीए सम्झौतामा हस्ताक्षर भयो। उक्त पीटीए र माथिल्लो कर्णालीको पीडएसँगै हस्ताक्षर भए। नेपालको अहितको पीटीएमाथि नेमकिपाका सभासद् डिल्लीप्रसाद काफ्लेले २०७१ भदौ २७ गते संसद्‌को कृषि तथा जलस्रोत समितिमा फरक मत दर्ता गरेका थिए। नेमकिपासहित अरू वामपन्थी दलहरूले पनि उक्त सम्झौताको विरोध गरेका थिए। तर, नेपालको अहितमा भएको उक्त पीटीएमा भारतले नेपालमा बन्ने जलविद्युत् परियोजनाहरूमा भारतीय कम्पनीहरूको बहुमत शेयर रहनुपर्ने सर्त राख्न चाहेको थियो। उक्त भारतीय चाहना नेपालको असहमतिका कारण सफल भएन। सोही कारण भारतले उक्त पीटिए कार्यान्वयनमा त्याउन चाहेन। फलत: भारतले विद्युत्‌लाई रणनीतिक वस्तु भन्दै त्यसपछि एकतर्फीरूपमा निर्देशिका र कार्यादेश जारी गर्दै आयो। जुन निर्देशिकाहरूले नेपालसँगको पीटीएमा भएका प्रावधानलाई समेत उछिन्ने काम गर्‍यो। पछिल्लोपटक भारतले नेपालमा बन्ने ती परियोजनाहरूको मात्रै बिजुली किन्ने रणनीतिअनुसार नयाँ निर्देशिका जारी गरेको छ, जहाँ भारतसँग पीटीए भएका मुलुकका कम्पनीहरूको बिजुलीमात्रै भारतले किन्ने भनेको छ। सोही कारण वर्षायाममा बढी भएको माथिल्लो तामाकोसीको ४५६ मेगावाट बिजुली भारतले नकिन्दा खेर गएको थियो। भारतले आफ्नो लगानीको त्रिशुली र देवीघाट आयोजनाहरूको ४० मेगावाट बिजुलीमात्रै किनेको थियो। चमेलिया, माथिल्लो तामाकोसीलगायतका आयोजनाहरूमा चिनियाँ निर्माण कम्पनीहरूको संलग्नता रहेको भन्दै भारतले ती आयोजनाहरूको बिजुली किन्न मानेन। पछिल्लोपटक त भारतले नेपालका जलविद्युत् आयोजनाहरूको सुरुङ चिनियाँ विस्फोटक पदार्थले खनिएको हकमा ती आयोजनाको बिजुली नकिन्ने बताएको छ। नेपालका जलविद्युत् आयोजनाका लगानीकर्ताहरूको तीनपुस्ते विवरण बुझाउनुपर्ने भनेको छ। भारतले आफूसँग पीटीए भएका मुलुकका कम्पनीद्वारा उत्पादित बिजुलीमात्रै किन्ने भन्नु नेपालमा रहेका चिनियाँ कम्पनीहरूलाई विस्थापित गर्नु हो। सोही कारण नेपालबाट चिनियाँ कम्पनीहरू विस्थापित भइसकेका छन्। नेपालमा चिनियाँ सहभागिताका आयोजनाहरू भारतीय कम्पनीहरूले हत्याइरहेका छन्। नेपालको जलस्रोतमा भारत रणनीतिक हिसाबले प्रस्तुत भएको छ। सोही रणनीतिअनुसार ऊ नेपालको जलसम्पदा दीर्घकालीनरूपमा आफ्नो पोल्टामा हाल्न चाहन्छ। वर्तमान प्रधानमन्त्री प्रचण्ड नेतृत्वको सरकारले उक्त भारतीय योजनालाई सार्थक तुल्याउन हदैसम्मको त्वमशरणम् नीति अख्तियार गरेको छ। मुलुक र जनताप्रति घात गर्दै सत्ता राजनीतिका लागि भारतभक्ति प्रदर्शन गरेको छ। मुलुकको इज्जत, प्रतिष्ठा, स्वाभिमानलाई खुट्टाले कुल्चेको छ।

### २५ वर्षे दीर्घकालीन विद्युत् व्यापार सम्झौता

वर्तमान प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले सत्ता प्राप्तिका लागि बन्दुक उठाउनुअघि तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवालाई संयुक्त जनमोर्चाका तर्फबाट डा. बाबुराम भट्टराईमार्फत ४० सूत्रीय मागपत्र बुझाएका थिए। मागपत्रका अघिल्ला ९ वटा बुँदा राष्ट्रियतासँग सम्बन्धित थिए। तीमध्ये पहिलो बुँदा भारतसँगको सन् १९५० को सन्धिलगायत असमान सन्धि-सम्झौताको खारेजी र दोस्रो बुँदामा घातक टनकपुर सन्धिलाई ढाकछोप गर्न र नेपालको जलस्रोतमा भारतीय एकाधिकारलाई अनुमति दिने भएकाले १९९६ जनवरी २९ को तथाकथित एकीकृत महाकाली सन्धिलाई तत्काल खारेज हुनुपर्ने माग प्रचण्ड-बाबुरामहरूको थियो। बाबुराम भट्टराईले सो मागपत्र महाकाली सन्धि परराष्ट्रमन्त्रीस्तरमा २०५२ माघ १५ गते हस्ताक्षर भएपछि प्रधानमन्त्री देउवालाई २०५२ माघ २१ गते बताएका थिए। मागपत्रउपर सुनुवाइ नभएको बहानामा माओवादीले लगत्तै २०५२ फागुन १ गते जनयुद्धको घोषणा गरेको थियो। जनयुद्धको घोषणासहित देशभर बन्दुक पड्काउँदा प्रधानमन्त्री शेरबहादुर देउवा भने भारत भ्रमणमै थिए। भारत भ्रमणका बेला देउवाले माघ २९ गते महाकाली सन्धिमा हस्ताक्षर गरेका थिए। यतिबेला महाकाली सन्धि खारेजी र जलसम्पदामा भारतीय एकाधिकारको खारेजीको मागसहित हतियार उठाएको पार्टीको सुप्रिम कमान्डर प्रचण्ड प्रधानमन्त्री छन्। तर, दुर्भाग्य मुलुकका जलसम्पदा लगायतमा प्रचण्ड सरकार इतिहासमै चुकेको छ। प्रचण्ड सरकारले महाकाली सन्धिलाई समेत मात दिने गरी सम्पूर्ण जलसम्पदा भारतलाई सुम्पने गरी घातक सम्झौता गरेको छ। प्रधानमन्त्री प्रचण्डले पछिल्लोपटक भारत भ्रमण गर्दा थुप्रै राष्ट्रघाती सन्धि-सम्झौता गरेका छन्। भारत जानु २ घण्टाअघि आप्रवासी गैरनेपालीलाई नेपाली नागरिकता दिने र नेपाली नागरिकलाई अल्पमतमा पार्ने ग्रान्ड डिजाइनअनुसार नागरिकता विधेयक सदर गरेका थिए। भारत पुगेपछि प्रचण्डले भारतले मिचेको नेपाली लिम्पियाधुरालगायतको क्षेत्र फर्काउने विषयमा कुरा उठाएनन्। महेन्द्रनगरबाट हवाई रुट नेपालले पाउनुपर्ने कुरा गरेनन्। नेपाल भारतबिच विद्यमान असमान सन्धि-सम्झौता पुनरावलोकनका लागि गठित एपीजीको प्रतिवेदनबारे कुरा राखेनन्। प्रचण्डको भारत भ्रमणको मुखैमा भारतले आफ्नो नयाँ संसद् भवनमा नेपाललाई समेत समेटेर बनाएको कथित 'अखण्ड भारत' को आपत्तिजनक नक्सामा आपत्ति जनाएनन्। कुनै कूटनीतिक नोट बुझाएनन्। भारत भ्रमणका बेला प्रचण्डले अक्षम्य राष्ट्रघात गरे। प्रचण्डले भारतलाई ६६९ मेगावाटको तल्लो अरूण परियोजना बुझाए। ४८० मेगावाटको फुकोट कर्णाली परियोजना भारतलाई बुझाए। तल्लो सेती परियोजना बुझाए। भारतीय सरकारी कम्पनी एनएचपीसीलाई ७५० मेगावाटको पश्चिम सेती आयोजना पनि सुम्पे। डिजिटल पेमेन्ट प्रणालीका नाममा नेपाली नागरिकको व्यक्तिगत विवरण भारतीय कम्पनीको जिम्मा लगाए। जलविद्युत्‌जस्तो सस्तो स्वच्छ ऊर्जा भारतलाई र डिजेल पेट्रोलजस्तो महँगो फोहोर ऊर्जा (Dirty Energy) भारतबाट नेपालले किन्ने सहमति गर्दै नेपाललाई ऊर्जामा भारतनिर्भर बनाइराख्न भारत सफल भयो। नेपालको मुख्य व्यापार घाटाका रूपमा रहेको डिजेल पेट्रोललाई विस्थापित गर्दै नेपालमा उत्पादित बिजुली आफैँले खपत गरी व्यापार घाटा कम गर्नुपर्नेमा उल्टो भारतीय तेल आयातका लागि चितवन र झापामा भारतीय पेट्रोलियमको शाखा विस्तार गराउँदै नेपालको व्यापार घाटा कायमै राख्न भारत सफल भयो। लक्ष्मणपुर, महलीसागर, कुनौली, खाडोजस्ता सीमा डुबानको निकास खोजिएन। बीपी कोइराला नेपाल भारत फाउन्डेसनका नाममा भारतीय बौद्धिक घुसपैठ भइरहेको अवस्थामा नेपाल सरकारको थिङ्क ट्याङ्क 'परराष्ट्र मामिला अध्ययन प्रतिष्ठान' मा 'सुषमा स्वराज इन्स्टिच्युट' लाई जोडेर अर्को राष्ट्रघात गरे। उल्टो सीमाविद् बुद्धिनारायण श्रेष्ठको गलत सल्लाहमा लागेर स्वदेश फर्केपछि लिम्पियाधुरा-लिपुलेक र कालापानी बङ्गलादेश पुग्ने बाटोसँग साट्न सकिने गैरजिम्मेवार अभिव्यक्ति दिए। जबकि भूपरिवेष्ठित राष्ट्र नेपालले अन्तर्राष्ट्रिय कानुनअनुसार समुद्रसम्म पुग्ने पारवहन सुविधा पाउनु अधिकारको कुरा हो। भारतले मिचेको भूमि साटेर ऊसँग बाटो माग्ने कुरा हास्यास्पद हो। त्यसमा पनि भारतीय प्रधानमन्त्री आइके गुजरालको विसं. २०५४ सालमा भएको नेपाल भ्रमणको क्रममा नेपालले फूलबारी-बङ्गलाबन्दको बाटो पाउने कुरामा सहमति जुटिसकेको हो। प्रचण्डको भारत भ्रमण भारतीय एजेन्डा सम्बोधन गर्नेमा केन्द्रित रह्यो। त्यही क्रममा उनले नेपालको जलसम्पदा दीर्घकालीनरूपमा हत्याउने योजनाअनुसारको २५ वर्षे दीर्घकालीन विद्युत् व्यापार सम्झौता (लङटर्म पीपीए) भयो भनियो। सम्झौतामा नेपालका ऊर्जा सचिव दिनेशकुमार घिमिरे र उनका भारतीय समकक्षी श्रीआलोक कुमारले प्रारम्भिक सम्झौतामा हस्ताक्षर गरेको कुरा मिडियामा आयो। तर, सम्झौता सार्वजनिक गरिएन।

पछिल्लोपटक उक्त सम्झौतामा भारतीय विदेशमन्त्री एस जयशङ्करको नेपाल भ्रमणका बेला हस्ताक्षर भयो। सम्झौतामा नेपालका तर्फबाट जलस्रोत तथा ऊर्जा सचिव गोपालप्रसाद सिग्देल र भारतको तर्फबाट ऊर्जा सचिव पङ्कज अग्रवालले हस्ताक्षर गरेका छन्। सम्झौताअनुसार भारतले नेपालबाट १० वर्षमा १० हजार मेगावाट बिजुली किन्ने भनेको छ। सम्झौतामा भारतले आयोजना तोकेर मात्रै नेपालको विद्युत् खरीद गर्ने तथा द्विपक्षीय लाभ हुने लगानीमार्फत विद्युत् व्यापार प्रवर्द्धन गर्ने उल्लेख छ। सम्झौताले नेपालको जलसम्पदामा अस्वाभाविक भारतीय उपस्थितिलाई स्थान दिएको छ। सम्झौता कार्यान्वयन गर्दा दुवै देशले द्विपक्षीय ऊर्जा व्यापारसम्बन्धी आफ्ना कानुन, नियमावली र कार्यविधि कार्यान्वयन गर्न सक्ने भनिएको छ। जसबाट बुझ्न सकिन्छ कि भारतले २०७७ फागुनमा जारी गरेको अन्तर्देशीय विद्युत् व्यापार कार्यविधि कार्यान्वयनमा ऊ टसमस छैन। जुन कार्यविधिमा भारतले ऊर्जा व्यापार सम्झौता नभएका छिमेकी देशका व्यक्ति र कम्पनीको लगानी गरेको आयोजनाको विद्युत् नकिन्ने कुरा उल्लेख छ। उक्त कार्यविधिका कारण भारतसँग पीटीए नभएको चीनको लगानीका वा लगानी रहने नेपालस्थित परियोजनाहरूको बिजुली भारतले नकिन्ने प्रस्ट छ। नेपाल-भारतको बिचको यो पछिल्लो २५ वर्षे विद्युत् सम्झौताले उक्त भारतीय कार्यविधिलाई अनुमोदन गरेको छ। भारतले अहिले नेपालबाट वर्षायाममा बढी हुने भनिएको बिजुली पनि आयोजना हेरेरमात्रै किन्ने गरेको छ। भारतले चिनियाँ लगानी तथा चिनियाँ ठेकेदार संलग्न आयोजनाको विद्युत्‌लाई किन्ने गरेको छैन। पछिल्लो सम्झौताले उक्त चिनियाँ कम्पनीको बिजुली नकिन्ने भारतीय अडानलाई मान्यता दिएको छ।

सम्झौतामा हस्ताक्षरसँगै कार्यान्वयनमा आएको भनिएको यस सम्झौताको अवधि २५ वर्ष तोकिएको छ। दुईमध्ये एक देशले सम्झौताको अवधि समाप्त हुनु ६ महिनाअघि नै सम्झौता तोड्न सक्ने सूचना नदिए २५ वर्षपछिका हरेक १० वर्षमा सम्झौता स्वत: नवीकरण हुने पनि भनिएको छ। साथै परस्पर सम्मतिमार्फत जुनसुकै समयमा सम्झौता संशोधन हुने भनिएको छ। जलविद्युत्‌जस्तो कच्चा पदार्थ भारत निर्यात हुने भए पनि त्यसलाई वर्तमान संसद्‌को धारा २७९ अनुसार संसद्‌बाट अनुमोदन गरिएको छैन। त्यसमा पनि पङ्क्तिकारले भारतीय दूतावासले आफूखुसी २० करोड खर्च गर्न पाउने गरी प्रचण्ड सरकारले गरेको सम्झौता र दीर्घकालीन विद्युत् सम्झौता आम नेपाली जनताको जानकारीका लागि सार्वजनिक हुनुपर्ने मागसहित २०८० माघ २ गते जलस्रोत तथा ऊर्जा मन्त्रालयमा निवेदन दिँदासमेत नेपाल सरकारले सम्झौता हालसम्म पनि सार्वजनिक गरेको छैन। रमाइलो पक्ष त के पनि छ भने विगतमा भारतलाई लाभ पुग्ने महाकाली सन्धिका मस्यौदाकार तथा भारतीय हितको पञ्चेश्वर परियोजनाका समर्थक तथा तल्लोतटीय लाभ भारतलाई पुग्ने गरी अघि बढाइन खोजेको पश्चिम सेतीमा स्मेक कम्पनीका जागीरे भएर काम गरेका पूर्वजलस्रोत सचिव सूर्यनाथ उपाध्यायले पछिल्लो यस सम्झौतामा प्रश्न उठाइरहेका छन्।

विगतमा पश्चिम सेतीको तल्लोतटीय लाभ (बाढी नियन्त्रण र अतिरिक्त पानी) को सुनिश्चितता हुनुपर्छ भन्दा पश्चिम सेतीमा त्यस्तो लाभको अर्थ छैन भन्दै स्मेक कम्पनीमा जागीर खाने पूर्वसचिव सूर्यनाथ उपाध्यायले यतिबेला भारतसँगको २५ वर्षे दीर्घकालीन विद्युत् व्यापार सम्झौता संसद्‌बाट अनुमोदन नभई लागू हुन नसक्ने भन्दै सर्वोच्च अदालतमा रीट निवेदन दायर गरेका थिए। विगतमा भारतलाई लाभ पुग्ने पश्चिम सेती र माथिल्लो कर्णाली परियोजनाहरूको तल्लोतटीय लाभको सुनिश्चितता र ती परियोजनासम्बन्धी सम्झौता संसद्‌बाट अनुमोदन भएमात्रै अघि बढ्नुपर्छ भन्ने रीट निवेदनको विपक्षमा तथा स्मेक र भारतीय कम्पनी जीएमआरका पक्षमा बहस गर्ने कानुन व्यवसायी वरिष्ठ अधिवक्ता शम्भु थापा, यतिबेला सूर्यनाथ उपाध्यायले सर्वोच्चमा दायर गरेको २५ वर्षे दीर्घकालीन विद्युत् व्यापार सम्झौताविरुद्धको मुद्दामा उपाध्यायका तर्फबाट बहस गरिरहेका छन्। विगतमा माथिल्लो कर्णालीको रीटमा लगानीबोर्डका तर्फबाट भारतीय कम्पनी जीएमआरको पक्षमा बहस गर्ने अधिवक्ता सेमन्त दाहाललाई यतिबेला सूर्यनाथ उपाध्यायले दायर गरेको पछिल्लो यस मुद्दामा सर्वोच्च बारले एमिकस क्युरी (अदालतको मित्र) का रूपमा पठाएको छ। हिजोका दिनहरूमा भारतीय हितका सन्धि-सम्झौताहरूको वकालतकर्ता निवेदक र भारतीय स्वार्थ र कम्पनीका पक्षमा वकालत गर्ने कानुनव्यवसायीहरू १८० डिग्री कोल्टे फेर्दै भारतसँगको २५ वर्षे दीर्घकालीन विद्युत् व्यापार सम्झौता (लडटर्म पीपीए) को मुद्दामा एक ठाउँमा देखापर्नुले थप आशङ्का पैदा गरेको छ।

*स्रोत : बाल विकास स्मारिका-२०८०*




भारतको तेलङ्गाना राज्यको राजधानी हैदरावादमा पेट्रोलियम पदार्थलगायत उपभोग्य वस्तुको बढ्दो मूल्यवृद्धिविरुद्ध भारतीय कम्युनिस्ट पार्टीले गरेको विशाल विरोध प्रदर्शन जून १०, २०२६ का दिन । *तस्बिर :पिटिआई*

# मध्यपूर्वमा फेरि तनाव चर्कियो

दुबई, १० जून (एपी) । अमेरिका र इरानबिचको तनाव फेरि चर्किँदा मध्यपूर्वमा सैन्य गतिविधि तीव्र बनेको छ । अमेरिकी हेलिकप्टर दुर्घटनाका लागि तेहरानलाई जिम्मेवार ठहराउँदै अमेरिकाले बुधबार बिहान इरानका विभिन्न सैन्य संरचनामाथि हवाई आक्रमण गरेको छ भने त्यसको जवाफमा इरानले बहराइन, कुवेत र जोर्डनस्थित अमेरिकी लक्ष्य तथा सैन्य संरचनालाई लक्षित गर्दै क्षेप्यास्त्र प्रहार गरेको जनाएको छ ।

इरानी आक्रमणका क्रममा जोर्डनस्थित मुवाफाक सल्टी एयर बेसतर्फ प्रक्षेपण गरिएका पाँचवटा क्षेप्यास्त्र जोर्डनको हवाई प्रतिरक्षा प्रणालीले खसालेको जनाएको छ । उक्त सैन्य अड्डामा अमेरिकी एफ-३५ लडाकू विमानसहित अन्य सैन्य उपकरण तैनाथ छन् । जोर्डनको सरकारी समाचार संस्था पेट्राका अनुसार घटनामा कुनै मानवीय क्षति भएको छैन र खसेका क्षेप्यास्त्रका भग्नावशेषबारे अनुसन्धान भइरहेको छ ।

यसै क्रममा इरानले बहराइन र कुवेततर्फ पनि आक्रमण गरेको दाबी गरिएको छ । ती दुवै देशले सम्भावित जोखिमलाई ध्यानमा राख्दै हवाई सुरक्षा प्रणाली सक्रिय पारेका थिए । यी घटनालाई विश्लेषकहरूले युद्धविरामपछि पुनः बढ्दो सैन्य टकरावको सङ्केतका रूपमा हेरेका छन् ।

अमेरिकी सेनाको सेन्ट्रल कमान्डका अनुसार अमेरिकी वायुसेना र नौसेनाका लडाकू विमानहरूले इरानका हवाई प्रतिरक्षा प्रणाली, नियन्त्रण केन्द्र तथा निगरानी राडार संरचनालाई लक्षित गरी कारबाही सञ्चालन गरेका हुन् । इरानले बन्दर अब्बास र केशम टापु आसपासका क्षेत्रमा आक्रमण भएको स्वीकार गरे पनि क्षतिको विवरण सार्वजनिक गरेको छैन ।

अमेरिकाले यो कारबाहीलाई आफ्ना सैनिक तथा अन्तर्राष्ट्रिय व्यापारिक जलमार्गमा हालै भएका आक्रमणको 'समानुपातिक प्रतिक्रिया' भनेको छ । तर, इरानले यसलाई अस्वीकार गर्दै विदेशी सैन्य उपस्थितिलाई नै क्षेत्रीय अस्थिरताको मुख्य कारण बताएको छ ।

इरानी विदेशमन्त्री अब्बास अराघचीले आफ्नो देशमाथि हुने कुनै पनि आक्रमण वा धम्कीको जवाफ दिइने चेतावनी दिनुभएको छ । उहाँले सामाजिक सञ्जालमार्फत क्षेत्र नजिक रहेका विदेशी सैन्य बल निरन्तर जोखिममा रहेको उल्लेख गर्दै थप आक्रमण भए प्रतिकार गर्ने स्पष्ट सङ्केत गर्नुभयो ।

यसअघि एक अमेरिकी एएच-६४ अपाचे आक्रमण हेलिकप्टर हर्मुज जलडमरु नजिक दुर्घटनाग्रस्त भएको थियो । अमेरिकी अधिकारीहरूका अनुसार हेलिकप्टर र इरानी ड्रोनबिच ठक्कर भएपछि दुर्घटना भएको आशङ्का गरिएको छ । यद्यपि, यो घटना नियोजित थियो वा थिएन भन्ने विषय अझै स्पष्ट भइसकेको छैन र अनुसन्धान जारी रहेको बताइएको छ ।

दुर्घटनापछि अमेरिकी सेनाले पहिलोपटक समुद्री ड्रोनको प्रयोग गरी उद्धार अभियान सञ्चालन गरेको जनाएको छ । स्थानीय समयअनुसार बिहान करिब साढे तीन बजे दुर्घटनाग्रस्त हेलिकप्टरका दुई चालक दल सदस्यलाई ड्रोनमार्फत सुरक्षित स्थानमा पुर्याइएपछि हेलिकप्टरबाट उद्धार गरिएको थियो । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले दुवै सैनिक सुरक्षित रहेको जानकारी दिनुभएको छ ।

विश्लेषकहरूका अनुसार हर्मुज जलडमरु क्षेत्रमा अमेरिकी सैन्य गतिविधि बढेसँगै अपाचे हेलिकप्टरहरू इरानी तेल ढुवानीमाथि निगरानी तथा नाकाबन्दी कार्यान्वयनमा महत्त्वपूर्ण साधन बनेका छन् । संयुक्त अरब इमिरेट्सले पनि इरानी ड्रोन रोक्न यस्ता हेलिकप्टर प्रयोग गर्दै आएको छ ।

युद्धविराम कायम राख्ने प्रयास भइरहेका बेला पछिल्ला घटनाले कूटनीतिक प्रयासलाई थप जटिल बनाएको छ । अमेरिकी राष्ट्रपति ट्रम्पले इरानसँग सम्भावित सम्झौताबारे आशावादी रहेको बताउनुभएको छ । यद्यपि, उहाँले त्यसको आधार खुलाउनुभएको छैन ।

पाकिस्तानको मध्यस्थतामा पछिल्ला केही सातादेखि वार्ता अगाडि बढाउने प्रयास भइरहे पनि अमेरिका र इरान दुवैले आफ्ना अडान नरम बनाएका छैनन् । अमेरिकाले इरानसँग रहेको उच्च प्रशोधित युरेनियमको मौज्दात त्याग्नुपर्ने माग राख्दै आएको छ भने इरानले प्रतिबन्ध हटाउन र रोक्का गरिएका सम्पत्ति फुकुवा गर्नुपर्ने अडान दोहोर्‍याएको छ ।

यसैबिच, इजरायल र इरान समर्थित हिजबुल्लाहबिच लेबनानमा जारी सङ्घर्षले पनि क्षेत्रीय तनाव बढाइरहेको छ । लेबनानी सेना प्रमुख जनरल रोडोल्फ हेकल मङ्गलबार पाकिस्तान पुग्नुभएको छ । त्यहाँ उहाँले पाकिस्तानका सेना प्रमुख फिल्ड मार्सल असीम मुनीरसँग भेटवार्ता गर्नुभएको बताइएको छ । क्षेत्रीय स्थायित्व र इरानसँगको सम्बन्ध सुधारका सम्भावित उपायबारे छलफल भएको अनुमान गरिएको छ ।

फेब्रुअरी २८ मा सुरु भएको अमेरिका-इजरायल र इरानबिचको युद्धले विश्व ऊर्जा बजार, अन्तर्राष्ट्रिय व्यापार तथा खाद्यान्न मूल्यमा व्यापक असर पारेको छ । अप्रिलमा भएको युद्धविरामपछि तनाव केही मत्थर भए पनि पछिल्ला सैन्य गतिविधिले मध्यपूर्व फेरि अस्थिरतातर्फ धकेलिने चिन्ता बढाएको छ ।

# प्रदर्शनकारीद्वारा मेक्सिको विश्व कप स्टेडियम जाने बाटो अवरुद्ध

मेक्सिको सिटी, १० जून (एएफपी) । प्रदर्शनकारीहरूले विरोध प्रदर्शन गरी मेक्सिको सिटीको एजटेका स्टेडियममा पुग्ने बाटो अवरुद्ध गरेको जनाइएको छ ।

संयुक्त राज्य अमेरिका र क्यानाडाको सह-आयोजनामा हुन लागेको उद्घाटन खेल प्रतियोगितामा फूटबल प्रेमीहरूको आवागमन बढ्दा मेक्सिकोको राजधानीमा विरोध भइरहेको जनाइएको छ ।

मङ्गलबारको विरोध प्रदर्शनमा हजारौँले भाग लिएका थिए, एक हप्ताको प्रदर्शनपछि सि.एन.टि.इ. शिक्षक सङ्घबाट अलग भएको समूहले प्रदर्शनको नेतृत्व लिएको जनाइएको छ ।

प्रदर्शनकारीहरूलाई बिहीबार विश्वकपको उद्घाटन खेल आयोजना गरिएको एजटेका स्टेडियममा पुग्नबाट प्रहरीले रोकेको जनाइएको छ ।

हजारौँ प्रहरी अधिकारीहरू तैनाथ गरी स्टेडियम वरवरको क्षेत्रमा सुरक्षा व्यवस्था कडा बनाएपछि तीन घण्टाको सडक प्रदर्शन तोडी प्रदर्शनकारीहरू तितर बितर भएको जनाइएको छ ।

मेक्सिको सिटीका सुरक्षा प्रमुख पाब्लो भाजक्वेजले विज्ञप्ति जारी गर्दै आन्दोलन शान्तिपूर्ण भएको बताउनुभएको छ ।

आन्दोलनरत सिएनटिई शिक्षक युनियनले तलब वृद्धि र पेन्सन कानुन फिर्ता लिन माग गर्दै गत हप्तादेखि प्रदर्शन गरिरहेको जनाइएको छ ।

आन्दोलनरत शिक्षकहरूले मेक्सिको सिटीको जोकालो स्क्वायरमा विश्वकप फ्यान जोन नजिकै शिविर पनि स्थापना गरेका छन् ।

शिक्षकहरूले बिहीबार पनि प्रदर्शनको आह्वान गरेका छन् जसमा बेपत्ता व्यक्तिहरूका परिवारहरू पनि समावेश हुने जनाइएको छ । मेक्सिकोले दक्षिण अफ्रिकाविरुद्ध खेल्ने खेल र उद्घाटन समारोहका लागि विश्वव्यापी तयारी पूरा भएको जनाइएको छ ।

## विश्व सङ्क्षेप

# मध्य अफ्रिकामा बढ्दो सङ्कटबारे राष्ट्रसङ्घको चेतावनी

न्युयोर्क, १० जून (क्यूएनए) । संयुक्त राष्ट्र सङ्घले मध्य अफ्रिकामा बढ्दो सुरक्षा तथा मानवीय सङ्कटको चेतावनी दिँदै सुडान र चाडमा सशस्त्र समूहहरूले गरेको आक्रमणले यस क्षेत्रको स्थिरताका लागि बढ्दो खतरा उत्पन्न गरिरहेको जनाएको छ ।

संयुक्त राष्ट्र सङ्घीय सुरक्षा परिषद्को ब्रीफिङमा बोल्दै, राजनीतिक र शान्ति निर्माण मामिला तथा शान्ति अपरेसन विभागहरूका लागि सहायक महासचिव मार्था अमा अक्या पोबीले यस क्षेत्रको बढ्दो चुनौती र सङ्कटलाई औँल्याउनुभएको हो ।

उहाँले बढ्दो सुरक्षा र मानवीय सङ्कट, बढ्दो सामाजिक र आर्थिक दबाब र नागरिक र राजनीतिक अधिकारहरूमा बढ्दो प्रतिबन्धका कारण चिन्ताजनक पृष्ठभूमिविरुद्ध केही राजनैतिक तथा अन्य उपलब्धिहरू भएको कुरामा जोड दिनुभएको छ ।

उहाँले पूर्वी चाड र लेक चाड क्षेत्रलाई अस्थिरताको दुई प्रमुख स्थलहरूका रूपमा पहिचान गर्दै यस क्षेत्रका धेरै देशहरूमा सुरक्षा प्रमुख चिन्ताको विषय बनेको कुरामा जोड दिनुभएको छ ।

उहाँले सुडानको युद्धले चाडमा गहिरो प्रभाव पारेको उल्लेख गर्दै अप्रिल २०२३ देखि युद्धको कारण नौ लाखभन्दा बढी सुडानीहरू शरणार्थी भएको बताउनुभएको छ ।

उहाँले सीमापार आक्रमण र चाडका सैन्य स्थानहरूमा भएको ड्रोन आक्रमणले द्वन्द्वलाई थप चर्को बनाउन सक्ने चेतावनी पनि दिनुभएको छ । उहाँले अन्तर्राष्ट्रिय समुदायलाई सुडानमा युद्ध अन्त्य गर्ने प्रयासलाई तीव्र बनाउन र यसको परिणामलाई सम्बोधन गर्न आह्वानसमेत गर्नुभएको छ ।

# फिलिपिन्समा भूकम्पमा परी मृत्यु हुनेको सङ्ख्या ४५ पुग्यो, १७ अझै बेपत्ता

मनिला, १० जून (सिन्ह्वा) । फिलिपिन्सको मिन्डानाओको दक्षिणी तटमा सोमबार आएको ७.८ म्याग्निच्युडको भूकम्पका कारण कम्तीमा ४५ जनाको मृत्यु भएको राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन परिषद् (एनडीआरआरएमसी) ले बुधबार जनाएको छ । एनडीआरआरएमसीका अनुसार अझै १७ जना बेपत्ता रहेका छन् भने ४८७ घाइते भएका छन् ।

एनडिआरआरएमसीले भूकम्पका कारण ३३ हजार भन्दा बढी घरपरिवारका लगभग एक लाख ५० हजार मानिसहरूलाई असर गरेको बताएको छ । भूकम्पले अस्पताल, विद्यालय र पुलहरू लगायतका २३८ वटा पूर्वाधार सुविधाहरू क्षतिग्रस्त भएको एनडीआरआरएमसीले जनाएको छ ।

मिन्डानाओको अधिकांश भाग र मध्य फिलिपिन्सका केही भागहरूमा कम्पन महसुस गरिएको र मुख्य झट्कापछि १७०० भन्दा बढी पराकम्पहरू रेकर्ड गरिएको जनाएको छ भने प्रभावित क्षेत्रहरूमा खोजी तथा उद्धार कार्य अझै जारी रहेको जनाइएको छ ।

भूकम्पले हताहत, विस्थापन र पूर्वाधारको क्षतिको सन्दर्भमा सबैभन्दा बढी प्रभावित क्षेत्रहरू सारङ्गनी र दक्षिण कोटाबातो प्रान्तहरू हुन्, जसमा लगभग सात लाख जनसङ्ख्या रहेको, एनडीआरआरएमसीले जनाएको छ ।

फिलिपिन्स इन्स्टिच्युट अफ भोल्कानोलोजी एन्ड सिसमोलोजीका अनुसार स्थानीय समयअनुसार बिहान ७:३७ मा ३३ किलोमिटर गहिराइमा भूकम्प गएको थियो जसको केन्द्रबिन्दु मिन्दानाओ टापुको सारङ्गनी प्रान्तको मासिम सहरको तटबाट ३२ किलोमिटर दक्षिणपश्चिममा रहेको थियो ।

# पाकिस्तानी हवाई आक्रमणमा १३ सर्वसाधारणको मृत्यु

काबुल, १० जून (एएनआई) । अफगानिस्तानको तालिबान सरकारले पाकिस्तानले अफगान हवाई क्षेत्र उल्लङ्घन गरी गरेको पछिल्लो हवाई आक्रमणमा कम्तीमा १३ सर्वसाधारणको मृत्यु भएको र १४ जना घाइते भएको जनाएको छ । तालिबानका अनुसार आक्रमणले दुई देशबिचको तनावलाई थप चर्काएको छ र सीमावर्ती क्षेत्रमा असुरक्षाको अवस्था गम्भीर बनेको छ ।

तालिबानका प्रवक्ता जबिहुल्लाह मुजाहिदले मङ्गलबार राति र बुधबार बिहानको बिचमा पाकिस्तानले कुनार, खोस्त र पक्तिका प्रान्तका बस्तीहरूलाई लक्षित गरी बमबारी गरेको बताउनुभयो । उहाँका अनुसार उक्त आक्रमणमा ११ बालबालिका, एक महिला र एक वृद्ध पुरुषको मृत्यु भएको छ ।

मुजाहिदले आक्रमणका क्रममा १४ जना महिला घाइते भएको जानकारी दिँदै घटनापछिका तस्बिरसमेत सार्वजनिक गर्नुभयो । तालिबानले यसलाई अफगानिस्तानको सार्वभौमसत्तामाथिको प्रत्यक्ष उल्लङ्घन र नागरिकमाथिको आक्रमणका रूपमा व्याख्या गरेको छ ।

अफगान अधिकारीहरूका अनुसार पछिल्लो एक वर्षयता अफगान भूमिमा भएका पाकिस्तानी सैन्य कारबाहीका कारण सयौँ व्यक्तिको ज्यान गइसकेको छ । सीमापार तनाव बढ्दै जाँदा दुवै देशबिचको सम्बन्ध लगातार बिग्रँदै गएको बताइएको छ ।

मार्च महिनामा भएको एक ठुलो आक्रमणमा पाकिस्तानी सेनाले काबुलस्थित पुनर्वास केन्द्रलाई निशाना बनाएको दाबी गरिएको छ । तालिबानका अनुसार उक्त घटनामा कम्तीमा २६९ जनाको मृत्यु भएको थियो । त्यसयता सीमावर्ती क्षेत्रमा बारम्बार सैन्य कारबाही भइरहेका छन् ।

अक्टोबर २०२५ मा इस्लामाबादले राजधानी काबुलसहित अफगानिस्तानका विभिन्न क्षेत्रमा व्यापक हवाई आक्रमण गरेपछि दुई देशबिचको लामो समयदेखिको तनाव खुला सीमापार द्वन्द्वतर्फ उन्मुख भएको विश्लेषण गरिएको छ । निरन्तर आक्रमण र झडपका कारण दशौँ हजार अफगान नागरिक विस्थापित भएका छन् भने धेरै परिवार घरबार छोड्न बाध्य भएका छन् ।

तालिबानले पाकिस्तानले आफ्ना आन्तरिक सुरक्षा चुनौतीहरूलाई आधार बनाएर अफगान क्षेत्रमा बारम्बार सैन्य हस्तक्षेप गरिरहेको आरोप लगाएको छ । पाकिस्तानले भने तेहरीक-ए-तालिबान पाकिस्तान (टिटिपी) र बलुचिस्तान लिबरेसन आर्मी (बिएलए) जस्ता समूहलाई अफगान भूमिबाट सहयोग मिलिरहेको दाबी गर्दै आएको छ ।

इस्लामाबादले तालिबानमाथि ती समूहहरूलाई आश्रय दिएको आरोप दोहोर्‍याउँदै आएको भए पनि तालिबानले त्यस्ता आरोप अस्वीकार गर्दै आएको छ । तालिबानको भनाइमा पाकिस्तानले आफ्ना सुरक्षा कमजोरीको जिम्मेवारीबाट बच्न अप्रमाणित आरोप लगाउने गरेको छ ।

विश्लेषकहरूका अनुसार सन् २०२१ मा तालिबान पुनः सत्तामा फर्किएपछि सुरुमा अपेक्षा गरिएको निकट सम्बन्ध टिक्न सकेन । दशकौँसम्म तालिबानको प्रमुख समर्थकमध्ये एक मानिएको पाकिस्तान र अफगानिस्तानबिच अहिले अविश्वास बढ्दै गएको छ । पछिल्ला घटनाक्रमहरूले दुई छिमेकी देशबिचको सम्बन्ध थप जटिल र तनावपूर्ण बन्दै गएको सङ्केत गरेका छन् ।

# सगरमाथाको भविष्यप्रति आरोहीको बढ्दो चिन्ता

कृष्ण अधिकारी र अच्युत रेग्मी

काठमाडौँ । विश्वको सर्वोच्च शिखर सगरमाथाको आधार शिविर वरपरको हिउँ र हिमनदी तीव्र गतिमा पग्लिरहेका देख्दा प्रसिद्ध आरोही फुर्वा तेन्जिङ शेर्पाका आँखा चिसिने गर्दछन् ।

स्वदेशी तथा विदेशी आरोहीलाई सगरमाथाको शिखरमा पुऱ्याउँदै नाम र दाम कमाउने उहाँलाई यही गतिमा सगरमाथालगायत हिमालमा हिउँको तह घट्दै जाने हो भने भावी पुस्ताले हिमाल देख्नै नपाउने हुन् कि भन्ने चिन्ता पनि उहाँलाई छ ।

उहाँ भन्नुहुन्छ, "पहिले आधार शिविरबाट पाँच मिनेट हिँड्दा हिउँको ढिक्का भेटिन्थ्यो तर अहिले डेढ घण्टा हिँड्दा पनि हिउँ भेट्न गाऱ्हो छ, यसलाई जलवायु परिवर्तनको प्रत्यक्ष असर मान्न सकिन्छ ।" आरोहणका लागि विश्वभरबाट आउने पर्वतारोहीले अहिले सगरमाथाको बद्लिँदो स्वरूप प्रत्यक्ष रूपमा अनुभव गरिरहेको उहाँको भनाइ छ ।

उहाँ भन्नुहुन्छ, "विश्वको सर्वोच्च शिखर सगरमाथा केवल हिमाल मात्र होइन, साहस, चुनौती र प्राकृतिक सौन्दर्यको प्रतीक पनि भएकाले यसको संरक्षणमा जुट्नु सबैको सरोकारको विषय हो ।"

पृथ्वीको औसत तापक्रम बढ्दै जाँदा हिमाली क्षेत्रमा हिमनदीहरू पग्लिने गति बढ्नु, हिउँ पर्ने समय र मात्रा परिवर्तन हुनु तथा वर्षाको ढाँचा बद्लिनेक्रम तीव्र रूपमा देखिएको आरोहीहरूको भनाइ छ । हिमालय क्षेत्रलाई जलवायु परिवर्तनप्रति अत्यन्त संवेदनशील क्षेत्रका रूपमा लिने गरिन्छ । हिउँले ढाकिएको मार्गमा अहिले धेरै स्थानमा नाङ्गा चट्टान पार गर्नुपर्ने अवस्था आएको उहाँ सुनाउनुहुन्छ । एक समय बाक्लो हिउँले ढाकिएका क्षेत्रमा अहिले चट्टान र बरफका पुराना तहहरू देखिन थालेपछि कतिपय पर्वतारोही आगामी दिनमा नेपालमा आउने सम्भावना कम हुने हो कि भन्ने चिन्तामा फुर्वा देखिनुहुन्छ ।

दोलखाको रोल्वालिङमा सन् १९८८ मा जन्मनुभएका अनुभवी पर्वतारोही फुर्वा तेन्जिङ शेर्पा १८ पटक विश्वको सर्वोच्च शिखर सगरमाथा चुचुरोमा पाइला राख्नुभएको छ । १४ वर्षको उमेरमा भरियाको कामबाट हिमाल जान थाल्नुभएका शेर्पा सन् २००७ मा पहिलोपटक सगरमाथाको आरोहण गर्नुभएको थियो । उहाँले यसअघि मनास्लु, आमादब्लम लगायतका हिमालमा पाइला राखिसक्नुभएको छ । सगरमाथा क्षेत्रमा हिउँको कमी हुनु दृश्य परिवर्तनको विषय मात्र होइन; यसले आरोहणको जोखिम, हिमाली पारिस्थितिकी प्रणाली, जलस्रोत तथा स्थानीय समुदायको जीवनमा प्रभाव पार्न थालेको प्रत्यक्ष अनुभूति हुन थालेको छ । यही कारणले पछिल्ला वर्षमा हिउँबिनाको सगरमाथा हुने हो कि भन्ने चिन्ता बढेको छ ।

केही दशकअघिसम्म मौसम अपेक्षाकृत स्थिर रहँदै आएकामा अहिले भने मौसममा तीव्र उतारचढाव आउने गरेको छ । बिहान सामान्य देखिएको मौसम केही घण्टामै खराब हुने गर्दछ । उहाँ भन्नुहुन्छ, "सगरमाथाको मार्ग पहिलेभन्दा धेरै परिवर्तन भएको छ । विगतमा हिउँले ढाकिएका भाग अहिले खुला चट्टानमा परिणत हुँदै गएका छन् । यसले आरोहणलाई झन् कठिन र जोखिमपूर्ण



बनाएको छ ।"

विशेषगरी खुम्बु आइसफल क्षेत्रमा बरफको संरचना अस्थिर बन्दै गएकाले भविष्यमा आरोहणमा थप चुनौती थपिनसक्ने देखिन्छ । हिउँको कमीका कारण बरफ छिटो पग्लिने र चिरा तथा दरार थप खुल्ने समस्या देखिएको उहाँको भनाइ छ ।

जलवायु परिवर्तनबाट सिर्जित विश्वव्यापी समस्या छँदैछ, त्योभन्दा पनि फोहर व्यवस्थापनको समस्या झन् जटिल बन्दै गएको उहाँ बताउनुहुन्छ । फुर्वा सगरमाथाको क्याम्प २ सम्म फोहर व्यवस्थापन केही हदसम्म प्रभावकारी देखिए पनि क्याम्प ३ र क्याम्प ४ मा अवस्था अझै चिन्ताजनक रहेको बताउनुहुन्छ । "क्याम्प ४ बाट फोहर तल झार्न निकै गाऱ्हो छ । आरोहीहरू आफ्नो ज्यान जोगाउनु कि फोहार बोक्नु भन्ने अवस्थामा पुग्छन्," उहाँ भन्नुहुन्छ ।

सगरमाथा प्रदूषण नियन्त्रण समिति ( एसपिसिसी) ले फोहर व्यवस्थापनका लागि प्रयास गरिरहेको भए पनि माथिल्लो क्षेत्रमा थुप्रिएका पुराना पाल, अक्सिजन सिलिन्डर र अन्य फोहर हटाउन अझै ठुलो चुनौती रहेको शेर्पा बताउनुहुन्छ ।

गत मे २० मा एक चिनियाँ नागरिकलाई लिएर सगरमाथाको सफल आरोहण गरेर फर्कनुभएका शेर्पा हरेक वर्ष यो समस्या थपिँदै गएको बताउनुहुन्छ ।

यसपटक सगरमाथामा विश्वका ५६ देशका ४९५ आरोहीले अनुमति लिएका थिए भने एक हजारभन्दा बढीले सगरमाथा आरोहण गरेका थिए । हिमालको प्राकृतिक सौन्दर्य र सुरक्षा कायम राख्न सरकार र सरोकारवाला निकायले समयमै ठोस कदम चाल्नुपर्ने आवश्यकता देखिएको उहाँको सुझाव छ ।

यति मात्र होइन, दक्ष शेर्पाहरूको विदेश पलायन र आरोही कम्पनीहरूबिचको अस्वस्थ प्रतिस्पर्धाले पनि भविष्यमा आरोहीहरूको सङ्ख्यामा प्रभाव पर्नसक्ने सम्भावनालाई उहाँ नकार्न नसकिने बताउनुहुन्छ ।

अनुभवी र दक्ष शेर्पाहरू राम्रो अवसरको खोजीमा विदेश पलायन हुनेक्रम बढेको छ । हाल सङ्खुवासभाको मकालु, सोलुखुम्बु र दोलखाको रोल्वालिङ क्षेत्रका शेर्पा आरोहणमा सक्रिय भए पनि दक्ष जनशक्तिको अभाव खड्किएको उहाँको भनाइ छ ।

विश्वमै साहसी पथप्रदर्शकको परिचय बनाएका नेपाली शेर्पाहरूले असाधारण क्षमताका साथ कठिन चुनौती व्यहोर्दै आइरहेका छन् । पर्वतारोहणका सिलसिलामा ज्यानसमेत जानसक्ने जोखिमबारे जानकार हुँदाहुँदै पनि उनीहरूले विश्वका विभिन्न मुलुकका पर्वतारोहीले सपना पूरा गर्न नेतृत्वदायी भूमिका खेल्दै आइरहेका छन् । हिमाल चढ्ने काम खतराजनक भए पनि कीर्तिमानी आरोहीलाई नेपालमा खासै सम्मान तथा सुविधा नहुँदा उनीहरूको विदेश पलायन हुनेक्रम रोक्नका लागि सरकारले नै नीतिगत रूपमा निर्णय लिएर कीर्तिमानीहरूको सम्मानका लागि अग्रसरता लिनु जरुरी भएको पर्यटनमा कलम चलाउँदै आउनुभएका पत्रकार राजु सिलवाल बताउनुहुन्छ ।

यस्तै, हिमाल आरोहण गराउने कम्पनीबिचको अस्वस्थ प्रतिस्पर्धाले गर्दा सेवाको गुणस्तर र सुरक्षामा प्रश्न उठेको छ । पहिले आरोहणका लागि ५० हजार डलरसम्म लाग्ने गरेकामा अहिले प्रतिस्पर्धाका कारण २०-२५ हजार डलरमै टोलीहरू लैजाने गरिएको उहाँ बताउनुहुन्छ । यसले गर्दा अनुभवी शेर्पाको सट्टा कम अनुभवी व्यक्तिहरू परिचालन हुने जोखिम बढेको उहाँको भनाइ छ ।

हिमाली क्षेत्रमा जलवायु परिवर्तनका असरबारे विभिन्न अनुसन्धान संस्थाले सङ्कलन गरेका हिमनदीको अवस्था, हिउँको मात्रा तथा तापक्रम परिवर्तनसम्बन्धी तथ्याङ्कका आधारमा नेपाल सरकारले पनि अध्ययन र निगरानी बढाउनुपर्ने नेपाल पर्वतारोहण सङ्घका महासचिव राजेन्द्र लामा बताउनुहुन्छ । यस्ता अध्ययनले भविष्यका जोखिम मूल्याङ्कन र नीतिगत योजना बनाउन सहयोग पुग्ने उहाँको भनाइ छ ।

जलवायु परिवर्तनको प्रभाव कम गर्न विश्वव्यापीस्तरमा हरितगृह ग्यास उत्सर्जन घटाउने प्रयाससँगै स्थानीयस्तरमा पनि हिमाली वातावरण संरक्षण, फोहर व्यवस्थापन तथा दिगो पर्यटनलाई प्राथमिकता दिनुपर्ने आवश्यकतामा लामाको जोड छ ।

सगरमाथामा आरोहण गर्न आउने अधिकांश विदेशी पर्वतारोहीले हिउँको कमीलाई प्रत्यक्ष देखेको अनुभव सुनाउने गरेका छन् । कतिपयले आधार शिविरदेखि माथिल्ला क्याम्पसम्म पुग्ने क्रममा अपेक्षाभन्दा कम हिउँ देखिएको भन्दै कतिपय आरोहीहरूले आफूसँग चासो देखाएको फुर्वा बताउनुहुन्छ । केही स्थानमा दशकअघिको तुलनामा उल्लेखनीय परिवर्तन देखिएको उहाँको आफ्नै अनुभव पनि छ । सगरमाथाको भू-दृश्य नै बदलिँदै जाने गरी आएको परिवर्तनलाई सामान्य रूपमा लिन नहुने उहाँको भनाइ छ ।

सगरमाथालगायत नेपालमा रहेका हिमालमा आउने परिवर्तनले पर्वतारोहीको आगमनमा कमी ल्याउने मात्र होइन, यसले आर्थिक पक्षलाई नराम्ररी प्रभावित गर्दछ । नेपालको महत्त्वपूर्ण आयस्रोतका रूपमा रहेको हिमालमा पर्यटकमा आउने ऱ्हासले स्थानीयवासीको रोजीरोटीमा असर पार्नुका साथै मुलुककै अर्थतन्त्रमा समस्या आउनसक्छ ।

यसैवर्ष नेपालले सगरमाथाबाट रोयल्टीबापत रु. एक अर्ब आठ करोड १० लाख ७२५ समेत गरी कुल ३१ हिमालबाट रु. रु. एक अर्ब २६ करोड ४७ लाख ४१ हजार ३०६ प्राप्त गरेको थियो । यस वर्ष छ हजार ५०० मिटरभन्दा अग्ला हिमालको आरोहणका लागि ७९ देशका एक हजार १९५ आरोहीले अनुमति लिएका थिए ।

### परिवार नै सगरमाथा शिखरमा

छिरिङ नोर्बु शेर्पा र किमजुङ शेर्पाका छोरा फुर्वा तेन्जिङका छ दाजुभाइ तथा दुई दिदीबहिनीले सगरमाथाको आरोहण गरेर 'गिनिज वर्ल्ड रेकर्ड' बनाउनुभएको छ । तेन्जिङका जेठो दाजु पेम्बा ग्याल्जेन शेर्पा, माहिलो दाजु फुर्वा थुन्डु शेर्पा, साइँलो दाजु पेम्बा दोर्जी शेर्पा, काइँलो दाजु निमा ग्याल्जेन शेर्पा, कान्छो भाई फुर्वा खिले शेर्पा, दिदी दावा दिकी शेर्पा र बहिनी निमा ल्हामु शेर्पाले सगरमाथाको सफल आरोहण गरिसक्नुभएको छ ।

एउटै सिजनमा उहाँका परिवारका चार सदस्यले सगरमाथा आरोहण गरेर अर्को विश्व रेकर्डसमेत बनाउनुभएको छ । हिमाल आरोहणकै क्रममा उहाँको माइलो दाजु फुर्वा थुन्डु शेर्पाको मृत्यु भयो ।

सन् २००७ देखि अनवरत रूपमा हिमाल चढ्दै आउनुभएका फुर्वा तेन्जिङले सन् २००८ र सन् २०१७ मा वर्षको दुईपटक सगरमाथा आरोहण गर्नुभएको छ ।

आरोहणसँगै फुर्वाले सामाजिक क्षेत्रमा पनि सक्रिय योगदान पुऱ्याउँदै आउनुभएको छ । गोरखा भूकम्पपछि उहाँकै नेतृत्वमा सञ्चालित 'वी विल राइज फाउन्डेसन' ले नेपालको पर्यटन प्रवर्द्धनमा पुऱ्याएको योगदान महत्त्वपूर्ण छ ।

सन् २०१५ को भूकम्पपछि स्थापना भएको यस फाउन्डेसनले 'मेरो गाउँ, मेरो ठाउँ' भिडियो प्रतियोगितामार्फत स्थानीय पर्यटनलाई उजागर गर्दै आएको छ ।

साथै हङकङ र बेलायतमा 'हाइक फर नेपाल' जस्ता कार्यक्रम आयोजना गरी विश्वभर नेपालको पर्यटनको सन्देश फैलाएको छ । ***रासस***

# नेपालमा 'जनै खटिरा' को विज्ञान, पीडा र भ्रम

- डा. विकास पौडेल

पहाडकी एक वृद्धा आमा घरबाहिर छटपटिएर बसिरहेकी थिइन् । छिमेकीहरू चिन्तित हुँदै उनको वरिपरि जम्मा भए । दाहिने छातीतिर रातो पोल्ने खालका पीडादायी पानीफोकाहरू देखा परेका थिए । कसैले सुटुक्क भन्यो - "नाग लागेको हो, अर्कोले भन्यो फुक्नुपर्छ ।" अर्कोले धामी-झाँक्री बोलाउन सुझाव दियो । गाउँका उपबुज्रुकहरूसमेत जम्मा भए । अर्कोले भन्यो, "यो जनै खटिरा हो, जनै पोलेर लगाउनुपर्छ, पहिला त्यहाँ बाघको चित्र कोरी हाल्नुपर्छ ।" सूर्य उडाउनुअघि नै एक आफन्तले फोकाहरूमाथि पहेँलो र रातो रङले बाघको आकृति कोरिदियो - विश्वास थियो, बाघको शक्तिले रोग शरीरभरि फैलिनबाट रोक्छ ।

तर उनको छालामुनि बलेको आगो कुनै पौराणिक कथा थिएन ।

त्यो थियो - बाल्यकालमै चुपचाप बोकेको भाइरसको पुनर्जागरण । यस्ता कथाहरू नेपालका गाउँगाउँमा मात्र नभई सहर-सहरमा दिनहुँ दोहोरिन्छन् ।

### लुकेको भाइरस जो कहिल्यै छोड्दैन

ठेउला (चिकेनपक्स) लाई प्रायः बाल्यकालको साधारण रोग ठानिन्छ । ज्वरो, चिलाउने फोका र असजिलोपन बिस्तारै हराउँछन् । मानिसहरू प्रायः सोच्छन् - यो रोग सधैँका लागि गयो । तर विज्ञान भन्छ - गएको छैन । भेरिसेला-जोस्टर भाइरस (VZV) प्रारम्भिक सङ्क्रमणपछि शरीरभित्रै संवेदनशील स्नायुको गाँठोमा सुषुप्त रहन्छ - मेरुदण्डनजिकका डोर्सल रुट ग्याङ्लिया र मस्तिष्कतिरका स्नायु ग्याङ्लियामा । त्यो भाइरस दशकौँसम्म चुपचाप लुक्न सक्छ । उमेर ढल्कँदा, मधुमेह, क्यान्सर, कुपोषण, एचआईभी, प्रतिरक्षा दबाउने औषधि, दीर्घ तनाव वा दीर्घ रोगले प्रतिरक्षा कमजोर हुँदा भाइरस पुनः सक्रिय हुन सक्छ ।

### नतिजा हो - हर्पिस जोस्टर अर्थात् 'जनै खटिरा' ।

विश्वव्यापी रूपमा जीवनकालमा तीनमध्ये एक व्यक्तिलाई जनै खटिरा हुन सक्छ । नेपालमा यकिन तथ्याङ्क सीमित भए पनि वृद्ध, मधुमेही, क्यान्सरका बिरामी, अङ्ग प्रत्यारोपण गराएका र प्रतिरक्षा कमजोर भएकाहरूमा सङ्ख्या बढ्दो छ । काठमाडौँ, पोखरा, धरान, नेपालगञ्ज र भरतपुरका अस्पतालमा जटिल केसहरू धेरै देखिन थालेका छन् - आँखाको जोस्टर, अनुहारको पक्षघात, शरीरभरि फैलिएको सङ्क्रमण र स्नायुजन्य जटिलताहरू । यो वृद्धि लामो आयु, रोग पहिचानको चेतना, बढ्दो दीर्घ रोग र प्रतिरक्षा दबाउने उपचारको प्रतिबिम्ब हो ।

### छालाको रोग मात्र होइन

छालारोग विशेषज्ञ भन्छन्- देखिने घाउ रोगको आधा मात्र हो । पीडा प्रायः बिमिरा वा फोकाहरू देखिनुभन्दा केही दिनअघि सुरु हुन्छ, करेन्ट लागेजस्तो, आगोले पोलेजस्तो, तीव्र चिलाउने, छोइनसक्ने र घोचेजस्तो पीडा । नेपालमा धेरै बिरामी पहिले परम्परागत उपचार, धामी-झाँक्री, जडीबुटी र घरेलु लेप खोज्छन् । एन्टिभाइरल औषधि सुरु गर्दासम्म भाइरसको पुनरुत्पादन र स्नायु चोट धेरै भइसकेको हुन्छ ।

### स्नायुको यात्रा

स्नायुरोग विशेषज्ञ भाइरसको स्नायुप्रेमी स्वभावलाई जोड दिन्छन् । भाइरस सुषुप्त गाँठोबाट संवेदी स्नायुहरू हुँदै छालासम्म यात्रा गर्छ । यही स्नायु संलग्नताले गहिरो स्नायुजन्य पीडा जन्माउँछ । सबैभन्दा डरलाग्दो दीर्घ जटिलता हो - दादपछिको स्नायुशूल (पोस्टहर्पेटिक न्युराल्जिया) । यो महिनौँ, वर्षौं वा सधैँ रहन सक्छ- लगातार पोल्ने पीडा, हावा हुँदा पनि दुख्ने, अनिद्रा, अवसाद र सामाजिक पृथकता । वृद्ध बिरामीमा उपचार नपाए यो अशक्त बनाउने खालको समेत हुन सक्छ । यसले मस्तिष्क ज्वरो, मस्तिष्क सुन्निने, पक्षाघात, अनुहार बाङ्गिने र मांसपेशी कमजोरी पनि गराउन सक्छ ।

### मिथक, संस्कृति र बाघको रङ

नेपालमा सायद कुनै रोगसँग यति धेरै सांस्कृतिक मिथक जोडिएका छैनन् - जनै खटिरा, नाग, सर्प रोग, देव वा देवी लागेको । गहिरो जरा गाडेको चलनअनुसार फोकामाथि बाघ, सिंह, सर्प वा पवित्र चिह्न कोरिन्छ - रङ, खरानी, माटो, रासायनिक रङ वा जडीबुटी लगाएर । विश्वास छ, यसो गरेन भने बिमिरा शरीरभरि फैलिएर घातक बन्न सक्छ ।

तर यस अभ्यासको कुनै वैज्ञानिक प्रमाण छैन । छाला विशेषज्ञ चेतावनी दिन्छन् - यस्ता पदार्थले सुन्नाइ बढाउन, घाउ निको हुन ढिला गर्न, छाला पोल्न, ब्याक्टेरियाजन्य सङ्क्रमण थप्न र रोग पहिचान ढाक्न सक्छ । प्रतीकात्मक आश्वासनले भावनात्मक राहत देला, तर रङ औषधि होइन ।

### प्रमाणमा आधारित उपचार

खटिराको उपचारको मूल जग हो - समयमै एन्टिभाइरल औषधि । बिमिरा देखिएको ७२ घण्टाभित्र सुरु गर्दा भाइरस वृद्धि रोकिन्छ, घाउ चाँडो निको हुन्छ, तीव्र पीडा घट्छ र दादपछिको स्नायुशूलको जोखिम कम हुन्छ ।

यसमा हुने दुखाइ वा पीडा उत्तिकै गम्भीर पक्ष हो । हल्का दुखाइमा पारासिटामोलजस्ता सामान्य दुखाइ कम गर्ने औषधिले काम गर्ला, तर स्नायुजन्य पीडामा गाबापेन्टिन, प्रिगाबालिन वा ट्राइसाइक्लिक एन्टिडिप्रेसन्टजस्ता विशेष औषधि चाहिन्छ । गम्भीर अवस्थामा छोटो अवधिको ओपिओइड, स्नायु ब्लक वा बहुविध उपचार आवश्यक हुन सक्छ । पीडालाई कहिल्यै 'छालाको साधारण लक्षण' ठान्नु हुँदैन ।

### खोप : नेपालको रोकथामको अवसर

रोगको भार बढ्दो छ तर खोपको प्रयोग न्यून छ । बालबालिका, स्वास्थ्यकर्मी र पहिले सङ्क्रमण नभएका वयष्कलाई ठेउलाविरुद्धको खोप दिन सकिन्छ । ५० वर्षमाथिका वयस्क र प्रतिरक्षा कमजोर भएकालाई पुनः संयोजक जोस्टर खोप ( RZV) ले जनै खटिरा र स्नायुशूल दुवैको जोखिम अत्यन्तै घटाउँछ ।

### सङ्क्रामकता र रोकथाम

घाउका फोका नसुकुन्जेल अत्यधिक सङ्क्रामक हुन्छन् । जनै खटिराको फोकाको तरल पदार्थले सङ्क्रमण नभएको व्यक्तिलाई ठेउला सार्न सक्छ । त्यसैले फोका छोप्ने, हात सफा राख्ने, कोट्याउन नदिने, गर्भवती, नवजात शिशु र प्रतिरक्षा कमजोर भएकासँग निकट सम्पर्क नगर्ने र तौलिया वा कपडा साझा नगर्ने गर्नुपर्छ । खोप सबैभन्दा प्रभावकारी उपाय हो ।

### कृपया नलगाउनुहोस्

बिमिरामाथि रङ, बाघ-सिंहको चित्र, रासायनिक रङ, मञ्जन, माटो, खरानी, ब्याट्रीको पदार्थ वा विषाक्त जडीबुटीको लेप नलगाउनुहोस् । यसले सङ्क्रमण बढ्न, निको हुन ढिला हुन, ब्याक्टेरियाले थप आक्रमण गर्न र गम्भीर छाला पोल्न सक्छ ।

आँखा प्रभावित भएमा, अनुहार बाङ्गिएमा, मानसिक भ्रम भएमा, अत्यधिक टाउको दुखेमा, बिमिरा शरीरभरि फैलिएमा वा बिरामी प्रतिरक्षा कमजोर भएमा तुरुन्त चिकित्सकीय सहायता लिनुहोस् ।

गाउँकी ती वृद्धा आमा दिनौँ पीडा सहेपछि अस्पताल पुगिन् । छातीमा कोरिएको बाघ चिरिन थालेको थियो– मुनि फोका सुक्दै थिए ।

उनलाई पाठ पढाउनु आवश्यक थिएन; करुणासहित विज्ञान जोड्नु आवश्यक थियो ।

खटिरा भाइरस, छाला, स्नायु, पीडा, मनोविज्ञान, संस्कृति र जनस्वास्थ्यको सङ्क्रमणमा उभिएको रोग हो । नेपालमा प्रभावकारी व्यवस्थापनका लागि प्रारम्भिक पहिचान, समयमै एन्टिभाइरल, पीडाको कदर, खोप र सांस्कृतिक संवेदनशीलता बोकेको शिक्षा आवश्यक छ । तब मात्र छालामुनिको आगो साच्चै नियन्त्रण हुन सक्छ ।

# बजेटबारे वागीश्वरीमा अन्तरक्रिया



भक्तपुर, २७ जेठ । भक्तपुरका सामुदायिक कलेजमध्ये गुणस्तर अर्थात् क्यूएए प्राप्त गर्न सफल वागीश्वरी कलेज र वागीश्वरी कलेज अफ म्यानेजमेन्टले हालै नेपाल सरकारले सार्वजनिक गरेको बजेटबारे अन्तरक्रिया कार्यक्रम गरेका छन् ।

आर्थिक वर्ष २०८३/८४ को बजेटबारे बुधबार आयोजित कार्यक्रममा विद्यार्थी, शिक्षक र अतिथिहरूले बजेटले गरिबलाई भन्दा धनी व्यक्तिहरूलाई फाइदा पुग्ने निष्कर्ष निकाले ।

कार्यक्रममा वाग्मती प्रदेशसभा सांसद सिर्जना सैंजुले सरकारले निकै विरोधाभाषपूर्ण बजेट ल्याएको बताउँदै सुनमा छुट र नुनमा कर लगाइएको भन्दै आलोचना गर्नुभयो ।

कृषि उत्पादन र उद्योगलाई प्राथमिकता नदिइएकोमा असन्तुष्टि व्यक्त गर्दै उहाँले देश ऋणको जालोमा फस्दै गएको टिप्पणी गर्नुभयो ।

उहाँले भन्नुभयो, "हेटौंडा कपडा उद्योगलगायतका सार्वजनिक संस्थानहरूलाई ब्युँताउनुपर्नेमा उल्टो निजीकरणलाई नै प्राथमिकता दिएर सरकारले पुँजीवादलाई प्रश्रय दिएको छ ।"

सरकारले पुँजीवादको सट्टा समाजवाद लागू गरे वास्तविक भुइँमान्छेलाई बजेटले समेट्न सक्ने धारणा राख्नुभयो ।

७ प्रतिशतको आर्थिक वृद्धि र ६ प्रतिशतको मुद्रास्फीति कायम गर्ने कुराको तादत्म्यता नमिलेको चर्चा गर्दै उहाँले सरकारले धनीलाई प्रश्रय दिएको छ भन्नुभयो ।

वागीश्वरी कलेज आफ्नै नीति र व्यवस्थाका कारण सफल हुन सकेकोमा उहाँले खुसी प्रकट गर्नुभयो ।

वागीश्वरी कलेज अफ म्यानेजमेन्टका प्राचार्य कृष्णप्रसाद धन्छाले वि.सं. २००८ माघ २१ गते तत्कालीन अर्थमन्त्री सुवर्ण मल्लले पहिलो बजेट ल्याएको स्मरण गर्दै आगामी आर्थिक वर्षको बजेटको बारेमा विद्यार्थीहरूले निकै सिर्जनात्मक ढङ्गले विश्लेषण गर्नुभएको बताउनुभयो । कर छुट दिँदा राजस्व सङ्कलन गर्न चुनौती हुने र मध्यावधि समीक्षामार्फत बजेट फेरि संशोधन गर्न सरकार बाध्य हुने धारणा राख्दै उहाँले भन्नुभयो, "सरकारले प्रस्तुत गरेको बजेट निम्नवर्गका जनतालाई नभई पुँजीपति र उच्चवर्गलाई लक्षित गरेर ल्याइएको छ ।"

वागीश्वरी कलेजका प्राचार्य धनकुमार श्रेष्ठले विद्यार्थीहरूमा सिर्जनशीलता र सिर्जनात्मकता विकास गर्न हरेक वर्ष कलेजले यस्तै कार्यक्रम सञ्चालन गर्दै आएको जानकारी दिँदै यस्ता कार्यक्रमले विद्यार्थीलाई मात्रै नभई शिक्षकलाई पनि अर्थतन्त्रको विषयमा अपडेट हुने बताउनुभयो ।

अनुसन्धान र खोजको क्षेत्रमा पनि यस्तै छलफल र अन्तरक्रियाले सहयोग पुग्ने विश्लेषण उहाँको थियो ।

कलेजका संयोजक ज्ञानसागर प्रजापतिले विद्यार्थीलाई पाठ्यक्रम र कक्षाकोठामा मात्रै सीमित नगरी अर्थशास्त्रका सैद्धान्तिक कुरामा व्यवहारिक ज्ञान प्रदान गर्ने उद्देश्यले कार्यक्रम आयोजना गरिएको र यस्ता कार्यक्रमले विद्यार्थीमा बजेट र अर्थतन्त्रलाई विश्लेषणात्मक ढङ्गले बुझ्ने क्षमता विकास गर्ने विश्वास राख्नुभयो ।

अर्थशास्त्रका शिक्षकहरू बालगोपाल श्रेष्ठले आ.व. २०८२/८३ र आ.व. २०८३/८४ को बजेटको तुलनात्मक विश्लेषण, मुरज दिदियाले बजेटको आलोचनात्मक विश्लेषण र पत्रकारिताका शिक्षक एवम् राजधानी दैनिकका आर्थिक पत्रकार पूर्णभक्त दुवालले पुँजीगत खर्च र बजेटको कमजोरीसँगै चुनौतीका विषयमा बोल्नुभएको थियो ।

बीबीएकी विद्यार्थी अनिशा किलम्बुले बजेटमा सूचना प्रविधि र कृत्रिम बुद्धिमताको क्षेत्रमा गरिएको विनियोजन, बीबीए चौथो सेमेस्टरकी विद्यार्थी निशा कार्कीले गुणस्तरीय शिक्षामा गरिएको विनियोजन र बीबीएस प्रथम वर्षका विद्यार्थी रघु नन्दन महतोले बजेटको आलोचनात्मक र सिर्जनात्मक विषयलगायतमा प्रस्तुतीकरण दिनुभएको थियो ।



*शिक्षकहरूसँग...*

बनाउन शिक्षकहरूलाई विशेष तालिम प्रदान गर्नुपर्ने, प्रयोगशाला (ल्याब) नभएका विद्यालयहरूलाई आवश्यक सहयोग उपलब्ध गराउनुपर्ने, विद्यालयमा सूचना प्रविधि (आईटी) विकासका लागि छुट्टै बजेट व्यवस्था गर्नुपर्ने, दिवा खाजा कार्यक्रमका लागि उपलब्ध रकम अपुग भएकाले बजेट वृद्धि गर्नुपर्ने, विद्यालय नर्स कार्यक्रम प्रभावकारी रहेकोले नर्सहरूको क्षमता अभिवृद्धिसँगै स्वास्थ्य उपचारको व्यवस्था गर्नुपर्ने, जिल्लान्तर सरुवाको समस्या समाधानका लागि नगरपालिका तथा सम्बन्धित निकायले पहल गर्नुपर्ने बताउनुभयो ।

उहाँहरूले परीक्षामा उत्कृष्ट नतिजा हासिल गराउने शिक्षकहरूलाई सम्मान तथा प्रोत्साहन गर्नुपर्ने, विद्यालयलाई प्रदान गरिने भौतिक निर्माणसम्बन्धी बजेट समयमै निकासा गर्नुपर्ने, विद्यालय नर्स नभएका विद्यालयहरूमा पनि नगरपालिकामार्फत नर्सको व्यवस्था गर्नुपर्ने, एआई र आईसीटीसम्बन्धी तालिम शिक्षकहरूलाई उपलब्ध गराउनुपर्ने, शिक्षकहरूको तलब मासिक रूपमा नियमित निकासा गर्नुपर्ने, संस्थागत विद्यालयका शिक्षकहरूलाई पनि शिक्षण विधि तथा पुन:ताजगी तालिम प्रदान गर्नुपर्ने, रैथाने बाजा प्रशिक्षणलाई शैक्षिक कार्यक्रमका रूपमा सञ्चालन गर्न प्रशिक्षक व्यवस्था गरी विद्यालयमा पठाउन बजेट छुट्याउनुपर्ने, विद्यार्थीहरूको मानसिक स्वास्थ्य प्रवर्द्धनका लागि विद्यालयस्तरमा नियमित स्वास्थ्य तथा परामर्श शिविर सञ्चालन गर्नुपर्ने, संस्थागत विद्यालयहरूलाई सरसफाइ उपकरण उपलब्ध गराए विद्यालय वरपरका सम्पदा क्षेत्रको सरसफाइमा सहयोग पुग्ने, 'एक विद्यालय-एक नर्स' कार्यक्रमको सुविधा संस्थागत विद्यालयहरूमा पनि विस्तार गर्नुपर्ने, भक्तपुर नगरपालिकाद्वारा सञ्चालित शिशुस्याहार केन्द्रका कक्षाकोठाहरूको भौतिक अवस्था सुधार गर्नुपर्नेलगायत सम्बन्धित विविध विषयमा आफ्नो धारणा तथा सुझाव दिनुभएको थियो ।

कार्यक्रममा सार्वजनिक माध्यमिक विद्यालय संयुक्त परीक्षा समिति, सामूहिक परीक्षा समिति, आधारभूत विद्यालय सङ्घ, सार्वजनिक शैक्षिक गुठी विद्यालय सङ्घ नेपाल, इसान, प्याब्सन, एन. प्याब्सन, जेन्युइन, सैनिक आवासीय महाविद्यालय र समता स्कूल, राजश्री गुरुकुलका शिक्षक प्रतिनिधिहरूको सहभागिता थियो ।

# विश्वकपअघि भिसा विवाद

वासिङ्टन, १० जून (एएफपी) । आगामी विश्वकप फूटबल प्रतियोगिताको तयारी भइरहेका बेला संयुक्त राज्य अमेरिकाले केही विदेशी अधिकारीलाई भिसा नदिएको विषय विवादको केन्द्रमा पुगेको छ ।

ह्वाइट हाउसको विश्वकप टास्क फोर्सले भने सुरक्षा कारण देखाउँदै सोमाली रेफ्री र इरानी टोलीका केही सहयोगी कर्मचारीलाई प्रवेश अनुमति नदिने निर्णय उचित भएको स्पष्ट पारेको छ ।

विश्वकपसम्बन्धी ह्वाइट हाउस टास्क फोर्सका कार्यकारी निर्देशक एन्ड्रयु गियुलियानीले मङ्गलबार वासिङ्टनमा आयोजित एटलान्टिक काउन्सिलको कार्यक्रममा अहिलेसम्म ३५ वटा राष्ट्रिय टोली सफलतापूर्वक अमेरिका प्रवेश गरिसकेको जानकारी दिए । उनले कुनै पनि खेलाडी वा प्रशिक्षकलाई प्रवेशबाट रोकिएको नभएको उल्लेख गर्दै केही अधिकारीलाई मात्र विशेष सुरक्षा कारणका आधारमा भिसा अस्वीकार गरिएको दाबी गरे ।

गियुलियानीका अनुसार विश्वकपजस्तो अन्तर्राष्ट्रिय प्रतियोगिताको अवसरलाई दुरूपयोग गरेर अमेरिका प्रवेश गर्ने सम्भावित जोखिम रोक्न प्रशासनले कडा सतर्कता अपनाएको छ । उनले सुरक्षा र खेलकुदबिच आवश्यक सन्तुलन कायम गरिएको बताए ।

अमेरिकी विदेश मन्त्रालयका एक अधिकारीले एएफपीसँगको कुराकानीमा सोमाली रेफ्री ओमार आर्टानलाई भिसा नदिइएको पुष्टि गर्दै उहाँमाथि आतङ्कवादी सङ्गठनसँग सम्बन्धित व्यक्तिहरूसँग सम्पर्क रहेको आशङ्का रहेको दाबी गरे । यही कारणले उनी अमेरिकी अध्यागमन नियमअनुसार प्रवेशका लागि अयोग्य ठहरिनुभएको अधिकारीको भनाइ थियो ।

सन् २०२५ मा अफ्रिकी फूटबल महासङ्घले वर्षको उत्कृष्ट पुरुष रेफ्री घोषणा गरेका आर्टान विश्वकपमा रेफ्री गर्ने पहिलो सोमाली बन्ने अपेक्षा गरिएको थियो । तर, उहाँलाई अमेरिका पुगेपछि मियामी विमानस्थलबाटै फर्काइएको थियो ।

सोमालिया हाल राष्ट्रपति डोनाल्ड ट्रम्प प्रशासनले लागू गरेको यात्रा प्रतिबन्ध सूचीमा समावेश देशमध्ये एक हो । ट्रम्प प्रशासनले यो नीतिलाई व्यापक आप्रवासन नियन्त्रण अभियानको हिस्सा बताउँदै आएको छ ।

यसैबिच, संयुक्त राज्य अमेरिकासँग जारी तनाव र सैन्य द्वन्द्वका कारण इरानले आफ्नो विश्वकप तयारीको आधार शिविर अमेरिका नभई मेक्सिकोमा सार्नुपरेको छ । इरानी फूटबल महासङ्घले समर्थकहरूका लागि छुट्याइएको टिकट कोटा रद्द गरिएको तथा टोलीका केही सहयोगी कर्मचारीले भिसा नपाएको जनाएको छ ।

# इरानद्वारा अमेरिकी सैन्य आक्रमणको कडा निन्दा

तेहरान, २७ जेठ (सिन्ह्वा) । इरानी विदेश मन्त्रालयले बुधबार इरानविरुद्धको अमेरिकी सैन्य आक्रामकको कडा निन्दा गरेको छ ।

स्ट्रेट अफ होर्मुजमा सोमबार राति अमेरिकी सैन्य हेलिकप्टर दुर्घटना भएपछि, संयुक्त राज्य अमेरिकाले बुधबार इरानको दक्षिण क्षेत्रमा 'क्रूर' आक्रमण गरेको मन्त्रालयले विज्ञप्तिमार्फत जनाएको छ ।

इरानको राष्ट्रिय सार्वभौमिकता र क्षेत्रीय अखण्डताको खुलम-खुल्ला उल्लङ्घनको भएको भन्दै प्रतिक्रियामा, इरानी सशस्त्र बलले आत्मरक्षाको क्रममा मध्यपूर्वमा रहेका अमेरिकी आधार र सम्पत्तिमा प्रहार गरेको विज्ञप्तिमा उल्लेख गरिएको छ ।

इरानले क्षेत्रीय देशहरूलाई इरानविरुद्ध आक्रमणकारी कार्यहरू गर्न, सङ्गठित अपराध गर्न र समर्थन गर्न आफ्नो क्षेत्र र सुविधाहरूको प्रयोग रोक्न आग्रह गर्दै जवाबी कारबाहीको चेतावनी दिएको छ ।

आक्रमणपछि इरानी विदेशमन्त्री सैयद अब्बास अराघचीले आफ्ना टर्की र साउदी समकक्षी हाकान फिदान र फैसल बिन फरहान अल सौदलाई पछिल्लो क्षेत्रीय घटनाक्रमबारे छुट्टाछुट्टै फोनवार्ता गरेको जनाइएको छ ।

इरानको इस्लामिक रिभोलुसनरी गार्ड कर्प्सले बुधवार बहराइन, कुवेत र जोर्डनमा रहेका अमेरिकी अड्डाहरूमा मिसाइल र ड्रोन आक्रमण गरेको पुष्टि गरेको छ ।

अमेरिकी सेन्ट्रल कमान्डले बुधबार सामाजिक सञ्जालमार्फत अमेरिकी सेनाको अपाचे हेलिकप्टर खसालिएको प्रतिक्रियामा इरानी लक्ष्यहरूविरुद्ध आत्मरक्षा आक्रमणहरू गरेको जनाइएको छ ।

*सीको...*

सीका अनुसार यो सहमतिले परम्परागत मित्रतालाई नयाँ ऊर्जा दिने, साझा विकास र समृद्धिलाई प्रोत्साहन गर्ने तथा क्षेत्रीय र अन्तर्राष्ट्रिय शान्ति तथा स्थिरताको संरक्षण गर्ने दुवै देशको प्रतिबद्धता झल्काउँछ ।

चिनियाँ सरकारी समाचार संस्था सिन्ह्वाले पनि सी र किमबिच नयाँ युगअनुसार चीन- प्रजग कोरिया सम्बन्ध विकास गर्ने विषयमा महत्त्वपूर्ण सहमति भएको जनाएको छ । पेइचिङका सरकारी सञ्चारमाध्यमका अनुसार सीले कूटनीतिक, सुरक्षा, कानुन कार्यान्वयन तथा सैन्य सहकार्य विस्तार गर्नुपर्नेमा जोड दिनुभएको थियो ।

यस भ्रमणको अर्को महत्त्वपूर्ण पक्ष भने प्रजग कोरियाको आणविक कार्यक्रमबारे सार्वजनिक मौनता रह्यो । गत महिना ट्रम्पसँगको वार्तापछि ह्वाइट हाउसले प्रजग कोरियाको आणविक नि:शस्त्रीकरण दुवै पक्षको साझा लक्ष्य भएको जनाएको थियो । तर सी-किम शिखर वार्ताबारे चीन र उत्तर कोरियाका सरकारी सञ्चारमाध्यमले प्रकाशित गरेका विवरणमा आणविक नि:शस्त्रीकरणको कुनै उल्लेख गरिएको छैन ।

विश्लेषकहरूले यसलाई पेइचिङले उत्तर कोरियाको आणविक हैसियतलाई व्यावहारिक रूपमा स्वीकार गरिरहेको सङ्केतका रूपमा व्याख्या गरेका छन् । किम जोङ उनले पटक-पटक उत्तर कोरियाले आफ्नो आणविक हतियार कार्यक्रम नत्याग्ने बताउँदै आउनुभएको छ । भ्रमणअघि उहाँकी बहिनी किम यो जोङले पनि उक्त कार्यक्रम उत्तर कोरियाको 'कुनै सम्झौता नहुने सीमा' भएको बताउनुभएको थियो ।

*अध्ययन...*

त्यस्तै 'प्रधानन्यायाधीशसहित बहालवाला न्यायाधीश, नेपाली सेना र संवैधानिक निकायका बहालवाला प्रमुख र पदाधिकारी' हरूलाई किन छानबिनको घेरा बाहिर राखियो ? नबुझेको हुँदा जनतामा ठुलो शङ्का-आशङ्का उब्जेको छ ।

**६ असोज २०८२ को दिन**

'अर्याल गृहमन्त्री बनेको भोलिपल्टै प्रहरीमा ४८ करोड बढी घोटाला !' 'बजार मूल्य दोब्बरको खरिद प्रस्ताव स्वीकृति, गृहमन्त्रीदेखि आईजीपीसम्म मौन'

माथिका शीर्षक र घटनाहरूमा निश्चित जात-जाति र भाषा-भाषीहरूलाई राजनैतिक पद र दिएको अनेक सुविधा र सहुलियत दिइएको हुँदा चारैतिर आफ्ना मानिसहरूबाट जोगाउने सम्भावना भएको हुँदा 'नीतिगत र कानुनी अपराधहरू' भएको बताइन्छ । यसमा सबैको ध्यान जानु आवश्यक छ ।'

सर्पको टोकाइबाट सुरक्षित हुन सावधानी अपनाऔं ।

- ❖ राति हिंड्दा टर्च/बत्तीको प्रयोग गरौं,
- ❖ झाडी, घाँस र ढुंगामुनि हात हाल्दा सावधानी अपनाऔं,
- ❖ घर वरिपरि सफा राखौं र सर्प बस्ने ठाउँ हटाऔं,
- ❖ खेतबारी वा बगैंचामा काम गर्दा जुत्ता र लामा कपडा लगाऔं,
- ❖ प्रभावित अंग कम चल्ने गरी स्थिर राखौं,
- ❖ सर्पले टोकेमा झारफुकमा नलागी तुरुन्त नजिकको स्वास्थ्य संस्थामा जाऔं,
- ❖ अस्पतालमा सर्पदंश विरुद्धको उपचार उपलब्ध हुन्छ ।

समयमै उपचार भएमा सर्पदंश निको हुन्छ, ढिलाइ भएमा ज्यान जाने जोखिम बढ्छ ।

नेपाल सरकार
विज्ञापन बोर्ड

प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु★सम्पादक: विष्णुगोपाल कुसी ★ कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा